का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ चैत २०८०,
बुधबार
10 April 2024,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ५७ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# देउवा-ओली अडानले संसद बन्धक



प्रमुख प्रतिपक्षलाई आग्रह छ- देशमा डढेलो लागिरहेको छ । विभिन्न खालको शान्ति सुरक्षाको कुरा छ । कतिपय जिल्लाहरुमा कर्फ्यूको अवस्था छ । त्यो बारेमा गृहमन्त्रीले बताउन खोज्दा सुन्नुपर्छ ।

**■ महेश बर्तौला**
**प्रमुख सचेतक, नेकपा एमाले**



'...प्रश्न उठ्ने बितिकै, कसैले ठाडो जाहेरी, सूचना, निवेदन दिने बित्तिकै तुरुन्तै सांसदले राजीनामा दिउँ, मन्त्रीले राजीनामा दिउँ, संसदीय समिति बनाऔं । यस्तो सहमति गरेर अगाडि बढ्न कांग्रेस तयार हो ?

**■ रवि लामिछाने**
**उपप्रधान तथा गृहमन्त्री**

सहकारीको रकम हिनामिनाबारे संसदीय छानबिन समिति गठन गर्नैपर्ने निर्णय नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संसदीय दलको बैठकबाट गराए । कांग्रेसको मागमा सहमत हुनै नसक्ने नेकपा एमालेका अध्यक्ष ओलीको अडान कायम रह्यो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ चैत ।

मंगलबार प्रतिनिधि सभामा सत्तापक्ष र प्रतिपक्षी दलहरु सबैले अवरोध गरे । नेताहरुका अनुसार संसदीय अभ्यासमा यस्तो दृश्य कमै मात्र देख्न सकिन्छ । संसदमा सत्तापक्ष र प्रतिपक्ष एकसाथ विरोधमा उत्रनुको कारण थियो - सहकारीको रकम हिनामिनाबारे छानबिन गर्न संसदीय छानबिन समिति गठन गर्नुपर्ने प्रमुख प्रतिपक्षीको माग ।

यो माग पूरा नभए संसदमा कुनै पनि गतिविधि अगाडि बढ्न नदिने कांग्रेसको घोषित नीति थियो । त्यस अनुसार कांग्रेसले सुरुमै विरोध गर्‍यो । कांग्रेसका तर्फबाट सचेतक शुशिला थिङले पार्टीको संसदीय दलको बैठकको निर्णय नै सुनाइन ।

उनले गृहमन्त्री लामिछानेमाथि संसदीय छानबिन समिति बनाउन माग गरिन् । सूर्यदर्शन सहकारी लगायत ६ वटा सहकारीबाट करिब १ अर्ब गोर्खा मिडिया कम्पनीमा लगेको र सो रकम लान पाउँछ कि पाउँदैन, सो काम गर्नेलाई दण्ड दिनुपर्छ कि पर्दैन ? भन्दै प्रश्न गरिन् ।

त्यसलगत्तै सभामुख देवराज घिमिरेले रास्वपाका सांसद मनिष झालाई बोल्न समय दिए ।

आफूहरुले अवरोध गरिरहँदा सत्तापक्षलाई बोल्न दिएको भनेर कांग्रेसका सांसदहरुले टेबुल ठोकेर विरोध गरे । सभामुखले बोल्न दिँदा पनि बोल्न नपाएको भन्दै सत्तापक्षका सांसदहरुले पनि उठेर विरोध गरे । परिणाम संसदमा एकसाथ सत्तापक्ष र प्रतिपक्ष विरोधमा देखा परेको हो ।

मंगलबार प्रतिनिधि सभाको बैठकमा यस्तो वातावरण बन्नुको पछाडि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको आ-आफ्नो अडान प्रमुख कारण रहेको नेताहरु बताउँछन् । >>> पृष्ठ २ मा

# अन्ततः कर्णालीमा एमाले सरकार

## ■ यामलाल कँडेल मुख्यमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ चैत ।

नेकपा एमालेका कर्णाली प्रदेश संसदीय दलका नेता यामलाल कँडेल मुख्यमन्त्री बनेका छन् ।

माओवादी केन्द्रले संघमा कांग्रेससँगको सत्ता समीकरण गत फागुन २१ गते फेर्दा प्रदेश सरकारमा समेत समीकरण बदलिएको हो । कर्णाली प्रदेशमा माओवादीका १३ सांसद छन् भने एमालेका १० जना छन् ।


४० सदस्यीय प्रदेश सभामा सरकार बनाउन २१ सांसद आवश्यक पर्छ । यो संसदीय अंकगणितका आधारमा कँडेल मुख्यमन्त्री बने । कँडेल मुख्यमन्त्री बनेसँगै पहिलोपटक कर्णाली प्रदेश सरकारको नेतृत्वमा एमाले पुगेको छ ।

नेकपा एमाले र माओवादीबीच पार्टी एकता गर्नेगरी भएको चुनावी गठबन्धनले २०७४ को निर्वाचनमा कर्णाली प्रदेश सभामा ३३ सिट जितेको थियो । पहिलो प्रदेश सभा गठन हुँदा एमालेका २० जना र गठबन्धन गरेको माओवादीसँग १३ सिट थिए ।

तत्कालीन गठबन्धनसँग पूर्ण बहुमत हुँदा प्रदेश सभाको सभामुख एमालेबाट र उपसभामुख माओवादीबाट बने । मुख्यमन्त्री माओवादीले लियो । माओवादी केन्द्रका नेता महेन्द्रबहादुर शाही मुख्यमन्त्री भए ।

२०७९ को प्रदेश सभा सदस्य निर्वाचनमा एमाले एक्लै चुनावीमा मैदानमा थियो । नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेसबीच गठबन्धन भएको थियो । माओवादीले १३ सिट ल्याउँदा एमाले १० सिटमा रोकियो ।

चुनावपछि फेरि एमाले र माओवादीबीच समीकरण बन्यो । तर, कर्णालीको मुख्यमन्त्री माओवादीको >>> पृष्ठ २ मा



सुर्खेतको वीरेन्द्रनगरस्थित प्रदेश प्रमुखको कार्यालयमा मंगलबार नेकपा (एमाले) संसदीय दलका नेता यामलाल कँडेल मुख्यमन्त्रीको लागि प्रदेश प्रमुख तिलक परियार समक्ष दाबी पेस गर्दै । तस्बिर: सुरेश आचार्य/रासस

## गण्डकी सरकारविरुद्ध सर्वोच्चमा मुद्दा

# मुख्यमन्त्री अधिकारीसँग बहुमत नै नरहेको दाबी

गण्डकी प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री खगराज अधिकारीविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको छ । बहुमत नै नपुर्‍याएका अधिकारीलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गरेको दाबी रिट निवेदनमा गरिएको छ ।

गण्डकी सरकार गठन प्रक्रियाविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको छ । नवनियुक्त मुख्यमन्त्री खगराज अधिकारीसँग बहुमत नै नरहेको दाबी गर्दै अदालतमा मुद्दा परेको हो ।

प्रदेशसभाका सभामुख कृष्णप्रसाद धिताल समेतको संख्या जोडेर मुख्यमन्त्री नियुक्त गरेको भन्दै गण्डकी प्रदेश सरकारविरुद्ध कांग्रेसले मुद्दा दिएको हो । कांग्रेस संसदीय दलका नेता सुरेन्द्र पाण्डेले एमालेका अधिकारीको नेतृत्वमा बनेको सरकार अवैधानिक रहेको दाबी गर्दै रिट निवेदन दायर गरेका हुन् ।

आइतबार अधिकारीले सभामुख कृष्ण धिताललाई माओवादी सांसदका रुपमा गणना गर्दै गरेको दावीलाई प्रदेश प्रमुख डिल्लीराज भट्टले स्वीकार गरेका थिए । अधिकारीको दाबीमा एमालेका २२, माओवादीका ८ र राजीव गुरुङसहित ३१ जना सांसद पुगेको उल्लेख छ ।

६० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि न्यूनतम ३१ सांसद चाहिन्छ । तर, माओवादीका सभामुख समेतलाई जोडिएको र यो असंवैधानिक नभएको दाबी रिट निवेदनमा गरिएको छ ।

सभामुख भएपछि सरकार गठनका लागि दलीय आबद्धता अन्त्य हुने संवैधानिक व्यवस्था भए पनि त्यसलाई प्रदेश प्रमुख भट्ट र मुख्यमन्त्री अधिकारीबाट उल्लंघन भएको रिट निवेदनमा उल्लेख गरिएको छ ।

संसदमा विश्वासको मत लिने बेला >>> पृष्ठ २ मा

# काठमाडौंमा राप्रपाको शक्ति प्रदर्शन



राष्ट्रिय प्रजातान्त्र पार्टीले मंगलबार काठमाडौंको भद्रकालीमा गरेको विरोध प्रदर्शन । तस्बिर: हरिराम भेटुवाल/रासस

**शिव विक/मध्यान्ह**
काठमाडौं, २७ चैत ।

राष्ट्रिय प्रजातान्त्र पार्टी (राप्रपा)ले मंगलबार काठमाडौंमा शक्ति प्रदर्शन गरेको छ । राप्रपाले विभिन्न ४० बुँदे माग राखेर प्रदर्शन गरेका हुन्। राप्रपाले गणतन्त्र खारेज गर्नुपर्ने, राजासहितको शासन व्यवस्था हुनुपर्ने, धर्मनिरपेक्षता खारेज गरी नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने लगायतका माग राख्दै आएको छ ।

प्रदर्शनको नेतृत्व पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन आफैंले गरे । प्रदर्शनपछि आयोजित कोण सभालाई सम्बोधन गर्दै लिङ्देनले मुलुकले थप विद्रोह थेग्न नसक्ने बताए । त्यसका लागि नयाँ सम्झौताका लागि दलहरु तयार हुनुपर्ने बताए ।

नयाँ सम्झौताका लागि दलहरू तयार नभए भाग्नुपर्ने दिन आउने उनको चेतावनी छ । जनता यथास्थितिमा बस्न नसक्ने भन्दै लिङ्देनले नयाँ सम्झौताका लागि तयार नहुने भए भाग्नका लागि तयार हुन चेतावनी दिएका हुन् ।

साथै, राप्रपा अध्यक्ष लिङ्देनले गृहमन्त्री रवि >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# विदेश जानेको संख्या बढेसँगै समस्या पनि बढ्दो

**गलकोट/रासस-** पछिल्लो समय वैदेशिक रोजगारीमा जानेको संख्यामा वृद्धि भएसँगै यस क्षेत्रमा आउने समस्या पनि बढ्दै गएका छन् । वैदेशिक रोजगारीमा जानेक्रम बढेसँगै दलालको लोभमा पर्ने, ठगिने, अङ्गभङ्ग हुने, शारीरिक अपाङ्गता, मानसिक समस्याका साथै घरपरिवारमा कलह सिर्जना हुने गरेका छन् ।

वैदेशिक रोजगारीमा जानेले पर्याप्त जानकारी नलिइ, सीप नसिक्दै विदेश पुग्दा ठूलो दुःखकष्ट भोग्दै आएका छन् । वैदेशिक रोजगारीमा आउने समस्यामा बागलुङमा सुरक्षित आप्रवासन (सामी) परियोजना प्रभावकारी बन्दै आएको छ । विसं २०७६ मा स्थापना भएको सामी परियोजनाले जिल्लामा वैदेशिक रोजगारीका कारण आउने समस्या घटाउन, सीप सिकाउन र समस्या समाधानका लागि काम गर्दै आएको छ ।

दलालले प्रलोभनमा पारेर ठगेको रकम फिर्ताको पहल गर्ने, सीप सिकाउने, विदेश जानुपूर्व परामर्श दिने र विदेशबाट नेपालमा आएको रेमिट्यान्सको सदुपयोगमा प्रभावकारी भूमिका खेल्दै आएको सामी कार्यक्रमका गण्डकी प्रदेश व्यवस्थापक उमा शर्माले बताइन् । उनका अनुसार सामी शुरु भएको चार वर्षमा परियोजनाको सहजीकरणमा दलालले ठगेको ९ करोड बढी रकम फिर्ता गरिएको छ । सामीको >>> पृष्ठ २ मा

# माल्दिभ्स र मलेसिया पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारका लागि माल्दिभ्स र मलेसिया पठाइदिन्छु भन्दै ५ जनालाई ठगी गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । श्याम लामासमेत ५ जनालाई वैदेशिक रोजगारीका लागि माल्दिभ्स र मलेसिया पठाइदिन्छु भन्दै ठगी गरेको उजुरीका आधारमा प्रहरीले धनुषाको बडहरी नगरपालिका वडा नं. २ बस्ने मोहन प्रसाद तिमल्सिनालाई पक्राउ गरेको हो ।

उनले प्रतिव्यक्ति ३ लाखदेखि ५ लाख रुपैयाँसम्म लाग्ने बताएर माल्दिभ्स र मलेसिया पुगेपछि एक लाख रुपैयाँ तलब हुने होटलमा काम लगाइदिन्छु भनि प्रलोभनमा पारेर पटक-पटक >>> पृष्ठ २ मा

अभिमुखीकरण (Orientation) तालिम केन्द्र बिक्रीमा

चालु अवस्थामा रहेको नयाँ कार्यविधी अनुसार सामान हालेको अभिमुखीकरण (Orientation) बिक्रीमा ।

Contact.: 9851041819

Vacancy Announcement

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Public Relation officers(PRO) - 6 Male/Female
Manager - 1 Male/Female
Accountant - 1 Male/Female
Receptionist - 2 Male/Female
Document Controller - 1 Male/Female

SALARY Negotiable

Requirements:
★ Minimum 4 to 5 Years experienced in Manpower Field.

ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ०१४५५३३२१, मोबाइल नं: ९८४३२७६६२८
Website: www.bridgeskyint.com.np
श्रम इजाजत नं. ५७३/०६२/०६३



Free Visa ! Free Visa !! Free Visa !!
यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFARI HYPERMARKET LLC | शहर: UAE,Sharjah
पुर्व स्वीकृत मितिः २०८०/१०/१५ | चलानी नं.: ६०२१३५६७ | LT. No.: 298990 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 30 | 30 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 30 | 30 | | 800 | २८,९७६ | | | | | | | |
| 3. | Security Guard | 7 | 7 | | 1200 | ४३,४६४ | | | | | | | |
| 4. | Stall And Market Salesperson | 50 | 50 | | 1200 | ४३,४६४ | | | | | | | |

अन्तर्वार्ता हुने मिति र स्थानः
काठमाडौंः- रेन्बो ओभरसिज प्रा.लिमा २०८१ वैशाख ११ गते (23 April 2024) हुनेछ ।
पोखराः- बाजेको सेकुवा, पृथ्वी चोकमा २०८१ वैशाख १२ गते (24 April 2024) हुनेछ ।
इटहरीः- सुनसरी मल्टिपल ट्रेनिङ एण्ड एजुकेसन कन्सल्टेन्सीमा २०८१ वैशाख १४ गते (26 April 2024) हुनेछ ।

यसै कम्पनीको लागि Bakery & Hot food Incharge, Supervisors, Catering Supervisor (Mess, Storekeeper, Brakeman (Comi 1), Cake & Pastry Maker (Comi 1), Chef De Party (Hot Food), North Indian Cook (Comi 1), Tandoor Cook (Comi 1), Charcoal/Grill Maker (Comi 1), Snacks Maker Comi 1, Paratha Maker Comi 1, Shawarma Maker Comi 1, Asst Cook Chinese Comi II, Asst Cook North Indian Comi II, Kitchen Cleaner को पनि माग भएकोले जान इच्छुकले निःशुल्क परामर्शको लागी सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Rainbow Overseas Pvt. Ltd.
Nepal Govt. Labour Lic No 352/ 059/060, Mitrapark-07, Chabahil KTM, Nepal
Kathmandu Contact No : 01- 5910277 / 5910278, 9801199802 / 9801199803
Pokhara Contact No: 98028558275, 9802850004,
Itahari Contact No: 9802757887, 9802755611, Dang Contact No: 9857832767

# भारतमा सवारी दुर्घटना हुँदा सात नेपालीको मृत्यु



**काठमाडौं/मस–** भारतको नैनीताल जिल्लाको बेतालघाटमा भएको सवारी दुर्घटनामा सात जना नेपालीसहित सवारी चालक भारतीय नागरिकको मृत्यु भएको छ ।

बेतालघाट पुलिस थानाका सब-ईन्सपेक्टर अनिश अन्सारीका अनुसार मृत्यु हुनेमा विश्राम चौधरी, धिरज चौधरी, अन्तराम चौधरी, विनोद चौधरी, तिलक चौधरी, उदयराम चौधरी र गोपाल बस्नेत छन् । मृतकको साथमा फेला परेको कागजातको आधारमा उनीहरु नेपालको साविक भेरी अञ्चल बबइका भएको बेतालघाट पुलिस थानाले जनाएको छ ।

घटनास्थल वरपर नेपालीहरु सडक छेउमा पाइप बिछ्याउने काम गर्दथे । उनीहरु गाडी भाडामा लिएर टनकपुर आउने तयारीमा सामान लोड गर्दागर्दै सवारी सडकदेखि तल झरेको हो ।

दुर्घटनामा परी धीरज चौधरीको श्रीमती शान्ति चौधरी र जनक चौधरी घाइते भएका छन् । गाडी सडकबाट करिब डेढ सय मिटर तल खसेको थियो । दुर्घटनाको उद्धारमा राति प्रहरीलगायत 'स्टेट डिजास्टर रेस्पोन्स टिम'समेत खटिएको सब-इन्सपेक्टर अन्सारीले बताए ।

# हुम्लामा उत्पादित बस्तुको बाहिरी जिल्लामा निर्यात गर्न अन्तरक्रिया



**मध्यान्ह संवाददाता**
हुम्ला, २७ चैत

प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना परियोजना कार्यान्वयन इकाइ हुम्लाले बजार प्रवर्द्धन तथा अन्तरक्रिया गोष्ठी सम्पन्न गरेको छ । जिल्लाको सदरमुकाम सिमकोटदेखि जिल्ला बाहिर जिल्लामा उत्पादन भएको हरेक चिज बस्तुको बजार प्रवर्द्धन गर्न इकाइले गोष्ठी सञ्चालन गरेको हो ।

प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना परियोजना कार्यान्वयन इकाइ हुम्लाले जिल्लामा स्याउ जोन र भेडा बाखा जोनतर्फ काम गर्दै आएको हुँदा त्यसको बजारिकरणमा टेवा कसरी पुऱ्याउने भन्ने लक्ष्य अनुसार एक दिने बजार प्रवर्द्धन गोष्ठी सञ्चालन गरिएको परियोजना इकाइ प्रमुख राम दरेश रायाले बताए । प्रमुख रायाले जिल्लामा उत्पादन गरेका बस्तु जिल्ला सदरमुकाममा मात्र नभएर जिल्ला बाहिर निर्यातमा जोड दिने उद्देश्यले जिल्लाका प्रमुख एवम् प्रतिनिधि र किसानको सुझाव लिनको लागि एक दिने गोष्ठी सञ्चालन गरिएको बताए ।

परियोजना इकाइले स्याउजोनतर्फ ७५ प्रतिशत ढुवानी अनुदानमा स्याउ जिल्ला बाहिर निर्यात गरेको भएपनि त्यो कार्यक्रम त्यति लाभदायक नभएको किसान गोरसिंह बोहराले बताए । किसान बोहराका अनुसार जिल्लामा सडक मार्गसँग नजोडिँदासम्म हवाइ यातायातको भरमा किसानले सोचे जस्तो प्रतिफल नहुने जनाए ।

उनले जिल्ला बाहिर स्याउ निर्यात गरेपनि अहिले घाटामा भएको बताए । भेडा बाखा जोनतर्फ उत्पादन भएको मासुजन्य बस्तु जिल्लामै बजारिकरण हुने हुँदा त्यसमा भन्दा स्याउको लागि भण्डारण (क्वारेन्टाइन)को स्थापना नगर्दासम्म परियोजनाबाट हुने लागत खेर जाने उद्योग वाणिज्य संघका अध्यक्ष राम बहादुर भण्डारीले बताए । जिल्लामा हरेक निकायाले स्याउ, ओखर दिँदा जात नहेरी दिने गरिएको र कुन जात हुम्लामा राम्रो हुन्छ भन्नेतर्फ कोही कसैको ध्यान नदिएको नाम्खा गाउँपालिकाका अध्यक्ष प्रेम लामाले बताए ।

त्यस्तै लेबलिङ र प्याकेजिङमा ध्यान नदिएर लगानी गरे त्यसको प्रतिफल राम्रो नहुने हुँदा त्यसमा जोड दिन सिमकोट गाउँपालिका अध्यक्ष विजय भण्डारीले बताए । दुई, तीन पालिकामा मात्र केन्द्रित नभएर माटो परीक्षण गरेर सबै पालिकामा कार्यक्रम लागू गरेर आयआर्जनमा टेवा पुऱ्याउनुपर्ने खार्पुनाथ गाउँपालिका अध्यक्ष कर्ण रावलले बताए । जिल्लामा भएका हरेक कार्यलयबाट एकै किसिमको अनुदान हुँदा विकास नभएको हुन सक्ने त्यसलाई नियालेर हेर्नू र दिनुपर्ने प्रमुख जिल्ला अधिकारी बिनोद कुमार पोखेलले बताए । जिल्लामा हरेक कार्यालयबाट अनुदानले किसानलाई अल्छी बनाएको हुँदा अनुदान दिँदा जो किसान हो, त्यसैलाई दिनु र अनुगमनमा पनि जोड दिनुपर्ने समन्वय प्रमुख शिवराज शर्माले बताए । अबका दिनमा सहभागीको सुझावलाई कार्यान्वयन गर्ने परियोजना इकाई प्रमुख रायाले बताए ।

## देउवा-ओली...

सहकारीको रकम हिनामिनाबारे संसदीय छानबिन समिति गठन गर्नैपर्ने निर्णय कांग्रेस सभापति देउवाले संसद बैठक अगाडि संसदीय दलको बैठकबाट गराए । कांग्रेसको मागमा सहमत हुनै नसक्ने एमाले अध्यक्ष ओलीको अडान कायम रह्यो । दुई नेताको अडानका कारण प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको पर्यास सफल हुन सकेन ।

नेताहरुका अनुसार प्रधानमन्त्री प्रचण्डले सहकारीको रकम हिनामिनाबारे सरकार आयोग गठन गर्न तयार रहेको तर, त्यसमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको विषय प्रधान नहुने प्रस्ताव गरेका छन् । सहकारीको समस्याका सम्बन्धमा समग्र हेर्ने गरी सरकार आयोग गठन गर्न तयार रहेको प्रचण्डको प्रस्ताव छ । संसदीय छानबिन समिति नै बनाउने भएता पनि त्यो समग्र सहकारी समस्याको समाधानका लागि हुने गरी बनाउने प्रचण्डको प्रस्ताव थियो । तर, उपप्रधान तथा गृहमन्त्री लामिछानेमाथि छानबिनका लागि संसदीय छानबिन समिति बनाउन नसकिने प्रधानमन्त्रीको प्रष्ट सन्देश थियो । तर, सहकारीको विषयमा छानबिन गर्न आयोग वा छानबिन समिति बनाउने विषयमा नेकपा एमालेका अध्यक्ष केपी ओली तयार भएका छैनन् । सहकारीको समस्याका सम्बन्धमा जस्तोसुकै आयोग वा छानबिन समिति बनाएतापनि एमालेका नेता/कार्यकर्ता वा समर्थक तानिन सक्ने त्रास ओलीमा रहेको नेताहरु बताउँछन् ।

यो वा त्यो नाममा कांग्रेस सभापति देउवा र एमाले अध्यक्ष ओलीको अडानका कारण प्रधानमन्त्री प्रचण्डको मध्यमार्गी प्रस्ताव अगाडि बढ्न नसकेको र मंगलबार प्रतिनिधि सभामा सत्तापक्ष र प्रतिपक्षी दलहरु सबै दलका सांसदहरु अवरोधमा उत्रिने अवस्था बनेको नेताहरु बताउँछन् ।

अवरोधका कारण मंगलबारको प्रतिनिधि सभाको बैठक कार्यसूचीमै प्रवेश गर्न सकेन । १५ मिनेटका लागि सभामुख घिमिरेले स्थगित गरेको बैठक सूचना टाँसेर बुधबार बिहान ११ बजे सम्मका लागि स्थगित गरिएको छ ।

फेरि पनि दलहरुका बीचमा कुरा नमिलेका कारण संसद चल्न अप्ठ्यारो रहेको बताउँछन् सत्तारुढ दल नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला । उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई संसदमा बोल्न दिने कुरामा कांग्रेसले अवरोध गर्न नमिल्ने उनको भनाइ छ । प्रमुख सचेतक बर्तौला थप्छन्, 'प्रमुख प्रतिपक्षलाई आग्रह छ-देशमा डढेलो लागि रहेको छ । विभिन्न खालको शान्ति सुरक्षाको कुरा छ । कतिपय जिल्लाहरुमा कर्फ्युको अवस्था छ । त्यो बारेमा गृहमन्त्रीले बताउन खोज्दा सुन्नुपर्छ ।'

उपप्रधान तथा गृहमन्त्री लामिछानेले भ्रष्टाचारको उजुरी पर्दैमा राजीनामा दिने हो भने त्यसमा सहमति गर्न कांग्रेस तयार हुनुपर्ने बताउँछन् ।

मंगलबार नयाँ वानेश्वरस्थित संसद भवन परिसरमा पत्रकारहरुसँग कुरा गर्दै उनले भनेका छन्, '...प्रश्न उठने बित्तिकै, कसैले ठाडो जाहेरी, सूचना, निवेदन दिने बित्तिकै तुरुन्तै सांसदले राजीनामा दिउँ, मन्त्रीले राजीनामा दिउँ, संसदीय समिति बनाउ । यस्तो सहमति गरेर अगाडि बढ्न कांग्रेस तयार हो ?'

## अन्ततः...

भागमा पऱ्यो र राजकुमार शर्मा मुख्यमन्त्री भए । बीचमा फेरि माओवादी कांग्रेससँग फर्किएको थियो । कांग्रेस छाडेर माओवादी फेरि एमालेतिर फर्किएपछि गठबन्धनमा भएको सहमति अनुसार कँडेल मुख्यमन्त्री भएका हुन् ।

## गण्डकी...

बराबरी भएको अवस्थामा बाहेक सभामुखको भूमिका नहुने संवैधानिक व्यवस्था छ । यही व्यवस्था अनुसार सभामुखबाट व्यवहार नभएको दाबी रिट निवेदनमा गरिएको छ । रिट माथिको पेशी बुधबारका लागि तोकिएको छ ।

## काठमाडौंमा...

लामिछानेको चर्को आलोचना गरे । आफूहरुको शान्तिपूर्ण प्रदर्शनमा बल प्रयोग गरेर तागत देखाएको भन्दै उनले यो दिन यादमा राखिराख्ने चेतावनी दिए ।

४० बुँदे माग राखेर राप्रपाले मंगलबार काठमाडौंमा गरेको प्रदर्शनमा प्रहरीले बल प्रयोग गरेको थियो । भृकुटीमण्डपबाट सुरू भएको प्रदर्शन भद्रकालीबाट सिंहदरबारतर्फ अगाडि बढेपछि प्रहरीले रोक्दा झडप भएको थियो । प्रहरीले पानीको फोहोरा, अश्रुग्यासका साथै लाठीचार्ज गरेको थियो । थापाथली चोकमा आयोजित सभामा राप्रपा नेताहरूले गृहमन्त्रीको आलोचना गरेका हुन् ।

अध्यक्ष लिङ्देनले आफू मात्र जान्ने, आफू मात्र लोकप्रिय र आफू मात्र इमान्दार भन्ने भ्रम नपाल्ने गृहमन्त्रीलाई आग्रह गरे । बरु उनले गृहमन्त्रीलाई चुनौती दिँदै भनेका छन्, 'यति लामो राजनीतिक यात्रामा एक रुपैयाँ पनि भ्रष्टाचार गरेको छैन भनेर जुनसुकै मन्दिरमा छिर्न सक्छु । तपाईंले त्यो तागत राख्नुहुन्छ ?'

उनले निषेधित क्षेत्र हटाउन पनि आग्रह गरे । सत्ताको दम्भ नदेखाउन गृहमन्त्री लाई आग्रह गरे । उनले प्रश्न गरे, 'रवि लामिछानेलाई छानबिन हुनु नपर्ने कुन व्यवस्था हो ?' गृहमन्त्रीमाथि राप्रपा अध्यक्ष लिङ्देनले सहकारी प्रकरणलाई जोडेर प्रश्न गरेका हुन् ।

सहकारीबारे देशभरबाट प्रश्न आएको भन्दै उनले भने, 'सुशासनको कुरा अरुलाई मात्र लागू हुने, तपाईंलाई लागू नहुने भने हुन्न गृहमन्त्रीज्यू । देशले प्रश्न उठाइरहेको छ सहकारीको विषयमा, तपाईंले सफाइ दिनु पर्दैन ? छानबिनका लागि बोटो खोल्नु पर्दैन ?'

## विदेश...

सहजीकरणमा ९ करोड २४ लाख ६७ हजार ७ सय ८९ रुपैयाँ विभिन्न ठगी गर्ने व्यक्तिबाट पीडितलाई फिर्ता गराउन सफल भएको व्यवस्थापक शर्माले जानकारी दिइन् ।

उनका अनुसार सामीमा दर्ता भएका ३ सय १४ निवेदनमध्ये १ सय ६८ वटाको समाधान भइसकेको छ । '२०७६ सालबाट बागलुङमा सामी परियोजना शुरु गरेका छौं । अहिलेसम्म वैदेशिक रोजगारीमा आइपरेका ३ सय १४ समस्या हाम्रो कार्यालयमा दर्ता भएकामा १ सय ६८ को समाधान गर्न सफल भएका छौं । दलालले प्रलोभनमा पारेर ठगेको ९ करोड बढी रकम फिर्ता गराएका छौं,' शर्माले भनिन्, 'पीडितले रकमसँगै आगामी दिनमा वैदेशिक रोजगारी जाँदा कसरी ठगिनबाट बच्ने भनेर सिकेका छन् ।'

स्वदेशमै केही गर्नुपर्नेमा जोड दिइएको भन्दै उनले विदेश जानै परे सुरक्षितरुपमा जानका लागि सीप तथा आवश्यक परामर्श दिने गरिएको बताइन् । 'रकमको लेनदेन गर्दा बैंकिङ कारोबार र वैदेशिक रोजगारी खुल्ने गरी कारोबार गर्दा धेरै समस्या समाधान हुन्छ,' उनले भनिन् । वैदेशिक रोजगारीमा जानु नेपालीको बाध्यतालाई धेरैले ठगीको धन्दा बनाउने गरेको शर्माको भनाइ छ ।

नेपालमा हरेक वर्ष पाँच लाख युवा श्रम बजारमा आउने गरेका छन् । नेपालले करिब साढे एक लाख जतिलाई सामान्य रोजगारी दिने तथ्यांकमा उल्लेख रहेको बताउँदै शर्माले बाँकी युवाको श्रम गन्तव्य वैदेशिक रोजगार रहेकाले अहिले ठूलो समस्या वैदेशिक रोजगार क्षेत्रमा देखिएको बताइन् ।

युवा वैदेशिक रोजगारीमा जाँदा अरुलाई विश्वास गर्ने तथा ठगी गर्नेले पनि उनीहरुको बाध्यताको फाइदा उठाउने गरेकाले पर्याप्त सूचना र ज्ञान लिएरमात्रै अघि बढ्नुपर्ने जिल्लास्थित परियोजनाका संयोजक मीन उपाध्यायले बताए । उनले पछिल्लो समय सामाजिक सञ्जालबाट आकर्षक तलब सुविधा भन्दै गरिएको प्रचारप्रसारको भरमा दलाललाई रकम बुझाउने समस्यामा धेरै परेको बताए ।

'कतिपयलाई वैदेशिक रोजगारीमा ठगिएपछि जाने निकायको विषयमा जानकारी छैन । बागलुङ नगरपालिका र वैदेशिक रोजगार विभागको समन्वयनमा सञ्चालित परियोजनाको विषयमा जानकारी छैन,' उपाध्यायले भने, 'राम्रो सूचना र जानकारीको अभावमा ठगिने र रकम दिने गरेका छन् । वैदेशिक प्रयोजनका लागि दिएको भन्ने प्रमाण नहुँदा ठगिएको रकम फिर्ता गर्न कठिन हुने गरेको छ । त्यसैले जिल्ला प्रशासनमा पासपोर्ट बनाउने समयमै हामीले परामर्श गर्दै आएका छौँ, केही हदसम्म हाम्रो कार्यक्रमले ठगिनबाट जोगिनुभएको छ ।' अवैधानिक बाटोबाट विदेश जाने बढी ठगिने गरेको उपाध्यायको अनुभव छ । 'अहिले नेपालमा दैनिक २५ सय युवा वैदेशिक रोजगार विभागबाट श्रम अनुमति लिएर विदेश जान्छन्,' उनले भने, 'जति पासपोर्ट बनेका छन् त्यसको तुलनामा अनुमति लिनेको संख्या कम छ । यसको अर्थ अनुमति नलिइकन विदेश गएको भन्ने हो, त्यसै गएका झनै बढी ठगिएको पाइन्छ ।'

उनका अनुसार परियोजनाले पाँच वटा योजनाअन्तर्गत काम गर्दै आएको छ । जिल्लाका बागलुङ, जैमिनी र गलकोट नगरपालिकाका साथै काठेखोला गाउँपालिकामा परियोजना सञ्चालित छ । परियोजनाले सूचना तथा परामर्श, न्यायमा पहुँच, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श र सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिरहेको संयोजक उपाध्यायले जानकारी दिए ।

परियोजनाले जिल्ला प्रशासन कार्यालयमा सूचना केन्द्रको स्थापना गरेर परामर्शसँगै ठगीलगायतका समस्यामा सहजीकरण गर्ने गरेको छ । वैदेशिक रोजगारीले नेपालमा ठूलो रेमिट्यान्स भित्रिए पनि त्यसको असरले समाजमा परेको सामाजिक मूल्य भने देशले चुकाउन नसक्ने अवस्थाको रहेको उनको भनाइ छ ।

अभिभावकको रेखदेखमा नरहेका बालबालिका, किशोर र युवावस्थामा प्रवेश गर्दा लागुऔषधलगायतका अन्य दुर्व्यसनमा जाने गरेको देखिएको छ । बागलुङबाट चालु आर्थिक वर्षमा मात्रै साढे १२ हजार बढी युवा वैदेशिक रोजगारीमा गएका छन् । परियोजनाले बागलुङका ३ सय ९ जनालाई सीपमूलक तालिम दिएको जनाएको छ ।

## माल्दिभ्स...

गरी २० लाख रुपैयाँ लिएर सम्पर्कविहीन भएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले बताएको छ ।

उक्त कार्यालयबाट खटिएको प्रहरी टोलीले तिमल्सिनालाई उदयपुरको उदयपुरगढी तेलतेलेबाट पक्राउ गरेको हो । उनलाई वैदेशिक रोजगार ऐनअनुसार अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।

हाल वैदेशिक रोजगार विभागमा वैदेशिक रोजगारमा युरोपेली मुलुकसहित क्यानडा र अमेरिका पठाइदिने भन्दै व्यक्ति र शैक्षिक कन्सल्ट्यान्सीले अस्वभाविकरुपमा रकम उठाएका उजुरी पर्ने गरेका छन् । विगतमा वैदेशिक रोजगार व्यवसायीले पठाएका कामदार ठगिएको, करार अनुसारको काम, तलब र सेवासुविधा नपाएको जस्ता गरिएको परिवेशमा विभागमा हाल व्यक्ति र शैक्षिक कन्सल्ट्यान्सीले वैदेशिक रोजगारीका नाममा उठाएको रकमको परिमाणले म्यानपावर कम्पनीविरुद्धका उजुरी रकमका हिसाबले मामुली देखिन थालेको टिप्पणी हुने गरेको छ ।

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Documentation (Computer Operator) - Male 2
Reception - Female 2

Attractive salary & Extra benefit provided

**Requirements:**
★Should be knowledge about Dofe & mofa.
★Manpower field work experienced prefer.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at*

**सुगम ओभरसिज प्रा. लि.**
सामाखुसी (रिङरोड), काठमाडौं, नेपाल
इजाजत पत्र नं. ८३८/०६६/०६७
Email: info.sugam@gmail.com, Mobile : 9813492755,98 9851009946

**कतारमा रोजगार** | कम्पनी: TRISTAR TRADING SELFDRIVE & GENERAL SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/१२/२७ | चलानी नं.: ६०२१८११७ | LT. No.: 303331

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiter | 21 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५१,०५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ बैशाख ५ गते (17 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८००/०६५/०६६
**प्रुडेन्सियल ओभरसिज प्रा. लि.**
सिनामंगल, काठमाडौं, नेपाल, Tel:- 01-5918914
Mob.: 9802002035 | 9802002013

**SHANGRILA MOTORS PRIVATE LIMITED**
(Authorized sole Importer of CITROËN Vehicles for Nepal)
PAN No. 604265906

CITROËN

| S.N | Model | Type | Brand | Description of Model | Maximum Power | Country of Origin | Unit | Unit Price | Unit MRP |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CITROËN Ë-C3 | ELECTRIC | CITROËN | Ë-C3 FEEL WITH VIBE PACK | 41.92 kW (57 ps) | INDIA | 1 | 3,700,000.00 | **3,700,000.00** |

**Khajura Rural Municipality**
**Office of the Rural Municipal Executive**

**Invitation for Bids**

**First Date of Publication: April -10, 2024 (2080/12/28)**

1. Khajura Rural Municipality, Office of Rural Municipal Executive has allocated funds towards the cost of Construction of following Contracts stated in table below and intends to apply part of the funds to cover eligible payments under the Contract for Bidding is open to all eligible Nepalese Bidders.
2. KRM, Banke invites sealed bids from eligible bidders for the construction of following projects stated in table, under National Competitive Bidding procedures. Only eligible bidders should participate in the bidding.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Khajura Rural Municipality Telephone No:- 081-560187 or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp
4. Bidder who chooses to submit their bid electronically may download the bidding document for E-submission from PPMO's website www.bolpatra.gov.np/egp. Bidders who submitting their bids electronically, should deposit the cost (as specified below) of bidding document in the rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of Bank Deposit voucher shall be uploaded by the bidder at the time of Electronic submission of bids. To deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC ASIA Khajura Banke
   Name of Office: Khajura Rural Municipality Khajura, Banke
   Office Code no: 801055703
   Office Account no: Ga.1.1(1112051498621003) Antarik Rajaswa Khata
5. Electronic bids must be submitted through PPMO's website www.bolpatra.gov.np/egp on before 12:00 Noon May-10, 2024 (2081/01/28). Bids received after this deadline will be rejected.
6. Prebid meeting shall be held at Khajura Rural Municipality, Khajura Banke at 12:00 Noon (2081/01/12), April -24, 2024.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at May-10, 2024 (2081/01/28) at 14:00 Hours at the office of KRM, Banke. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of bid security in pdf format in case of E-bid amounting to a minimum as specified in table as follows, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If a bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in the name of the : NIC ASIA Banke Khajura
   Name of the Office: Khajura Rural Municipality Khajura, Banke
   Office Account no: ga.3.(B141498621524004) (Dharauti Khata) and the receipt voucher of the deposited amount of cash should be submitted along with the bids.
9. The summary of different Contracts are given below:

| S. No. | Contract Number | Contract Name | Estimate Amount Without VAT, PS & Contingencies | Bid Security (NRs) | Price of Bidding Document |
|---|---|---|---|---|---|
| 1 | KRM/NCB/ WORKS/31/2080-81 | Ward no. 2 ma bahu udesya samudaik vawan nirman | 1,49,68,584.02 | 4,45,000 | 3000.00 |
| 2 | KRM/NCB/ WORKS/32/2080-81 | Janta ma.bi. santakuti ma sauchalaya ra parkhal nirman | 27,20,849.14 | 82,000 | 3000.00 |

**Chief Administrative Officer**

# नागरिकलाई शुद्ध खानेपानीको प्रत्याभूति गर्न सरकार प्रतिबद्धः मन्त्री राई

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २७ चैत



खानेपानीमन्त्री राजेन्द्र कुमार राईले राजविराज नगरपालिकास्थित नेपाल खानेपानी संस्थानद्वारा नवनिर्मित दुईवटा ओभरहेड ट्याङ्की र पानी प्रशोधन संरचनाको उद्घाटन गरेका छन्। मंगलबार राजविराज नगरपालिका-१ स्थित चनौरा पडरिया र वडा नम्बर ६ खरसालस्थित रहेको उक्त संरचनाको एक कार्यक्रमबीच मन्त्री राईले उद्घाटन गरेका हुन् ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री राईले नेपालको संविधानमा प्रदत्त अधिकार बमोजिम नागरिकलाई शुद्ध खानेपानीको प्रत्याभूति गर्न सरकार प्रतिबद्ध रहेको बताए । उनले तराई मधेशमा वैशाख महिनादेखि नै वाटर लेभल डाउन हुने समस्या समाधानका लागि मन्त्रालय आवश्यक कदम चाल्ने बताए ।

त्यस्तै, खानेपानी तथा सरसफाई मन्त्रालयका सचिव सुरेश आचार्यले तराई मधेशमा गर्मी महिना लागेसँगै हुने खानेपानीको समस्या समाधानका लागि दीर्घकालीन उपाय निकाल्न खानेपानी मन्त्रालय गृहकार्यमा जुटेको बताए ।

साढे चार लाख घनमिटरको उक्त ओभरहेड सञ्चालनमा आएपछि राजविराज नगरपालिकाका पाँचवटा वडाका करिब १७ हजार जनताहरु लाभान्वित हुने राजविराज खानेपानी संस्थानका प्रमुख रामकुमार श्रेष्ठले जानकारी दिएको छ ।

नगरपालिकाको वडा नम्बर १ चनौरा पडरिया,वडा नम्बर १० डुमरी बिरौल लगायतका वडाहरुमा १५ सय धारा जोडिने उनले बताए । हालसम्म नगरपालिकामा ३२ सय धारा सञ्चालनमा रहेको समेत उनले बताए ।

उक्त कार्यक्रममा खानेपानी संस्थानका महाप्रबन्धक ईश्वर प्रसाद, अध्यक्ष गुणकर भुसाल, प्राविधिक प्रमुख बुद्ध महर्जन, राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इशरत परविन, नेकपा एमालेका पोलिटब्यूरो सदस्य सुमनराज प्याकुरेल,जिल्ला अध्यक्ष ताराकन्त चौधरी,खानेपानी मन्त्रालयका सहसचिव नवराज सापकोटा लगायतको उपस्थिति रहेको थियो ।

# शितगंगा नगरपालिकालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने



**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २७ चैत

नेपाल पत्रकार महासंघ अर्घाखाँचीले सञ्चालन गरेको आर्थिक विकास, पर्यटन प्रवर्द्धन र स्थानीय रोजगारीका लागि अर्घाखाँची पर्यटन प्रवर्द्धन अभियान अन्तर्गत विभिन्न कार्यक्रमहरु हुँदै आएको छ । अभियानको दोस्रो चरण अनुसार स्थानीय तहहरुले सिफारिस गरेका जिल्लाका मुख्य १९ पर्यटकीय गन्तव्यमध्ये शितगंगा नगरपालिकाका मुख्य तीन गन्तव्य डमरुदह, सुर्यगुफा, हवाइलेखसँगै भुतिया रह र बालुवाखोलामा पुगेर सोमबार र मंगलबार स्थलगत रिपोटिङ गरिएको अभियानका प्रवक्ता हृदय भुसालले बताए ।

देशकै सबैभन्दा ठूलो शितगंगा नगरपालिका भौगोलिक विकटता भएपनि धार्मिक, प्राकृतिक, सांस्कृतिक तथा महत्वपूर्ण पर्यटकीय गन्तब्य भएको धेरै सम्भावना बोकेको पालिका भएको नगरपालिका नगरप्रमुख छविलाल पौडेले बताए। नगरप्रमुख पौडेलले भने,'प्रयाप्त बजेट नहुँदा जनताको माग र आवश्यकताको आधारमा विकास गर्न सकेका छैनौं, तर पनि निरन्तर लागेका छौं, पर्यटन विकास र समृद्धिको महत्वपूर्ण क्षेत्र हो, शितगंगा नगरपालिका यसका लागि योजनावद्ध रुपमा अगाडि बढेका छौं, पत्रकार महासंघ जस्तै सबै सरोकारवाला प्रचारसँगै भौतिक पूर्वाधारको विकासमा लाग्नुपर्छ, सबैको साथ सहयोगको अपेक्षा गर्दछौं'।

शितगंगा नगरपालिका आफैँमा ऐतिहासिक महत्व बोकेको सुन्दर,सफा,प्रकृतिको रमणिय नगरपालिका भएको नगरउपप्रमुख गीता भाटले बताइन्।

उपप्रमुख भाटले भनिन्,' जनताको सेवामा दिनरात नभनी लागेका छौं, तरपनि जति बजेट हुँदा पनि भौगोलिक विकटताले गर्दा जनताका असिमित आवश्यकता सिमित स्रोत साधनले गर्दा आवश्यकता अनुसारको विकास गर्न निकै कठिन भएको छ, अझैं धेरै बजेटको आवश्यकता छ, त्यसका लागि संघ र प्रदेश सरकारमा समेत धेरै योजना माग गरेका छौं, जिल्लाको दक्षिण क्षेत्रको विकासमा सबैले सहयोग गर्नुपर्छ, अब गाउँमा आर्थिक विकास र रोजगारी समेत सृजना गर्नको लागि होमिस्टे सञ्चालन गर्न लागेका छौं, अब पालिकाले स्थानीय उत्पादनलाई पनि ब्राण्डिङ गर्ने गरी योजना अगाडि बढाएका छौं, पत्रकारको यो अभियानले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण सहयोग गर्नेछ ।'

शितगंगाको विकास र समृद्धिका लागि सबै पक्ष एक भएर लाग्नुपर्ने भन्दै पत्रकार महासंघले सञ्चालन गरेको अभियानमा नगरपालिकोको तर्फबाट सबै हिसाबले साथ समर्थन रहने प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले बताए । क्याम्पसको स्तरउन्नतीसँगै पर्यटन प्रवर्द्धनमा समेत सहयोग गर्ने उद्देश्यले ज्योति भविश्वर बहुमूखी क्याम्पसले आगामी वैशाख १ गतेदेखि महायज्ञ सञ्चालन गर्न लागेकोले सबैले सहयोग गर्नुपर्ने क्याम्पस प्रमुख बिष्णु भट्टराईले बताए ।

उक्त अभियानको प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले उद्घाटन गरेका थिए अभियान अन्तर्गत विभिन्न प्रचारात्मक कार्यक्रम गरिएको महासंघका अध्यक्ष अशोक खनालले बताए ।

# सडक निर्माणमा स्थानीयको भूमिका महत्वपूर्ण : मन्त्री जवेगू

**लेखनाथ सिकारू/मध्यान्ह**
पाँचथर, २७ चैत



कोशी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री कमल जवेगूले सडक निर्माणमा स्थानीयको भूमिका महत्वपूर्ण हुने बताएका छन् ।

फिदिम फालोट सडक पाँचथरको लुदीन फालोट खण्ड कालोपत्रेको मंगलबार शिलान्यास गर्दै उनले यस्तो बताएका हुन् । सडक निर्माणका कार्यमा स्थानीयले अवरोध तथा विरोध गर्न नहुने समेत उनले बताए । यस सडक कालोपत्रेसँगै पाँचथरको समृद्धि र विकासमा यस सडकको भूमिका महत्वपूर्ण टेवा पुग्ने उनले बताए । यस सडकको कालोपत्रेसँगै फालेलुङ तथा पाँचथरबासीको जनजीविकामा समेत प्रत्यक्ष फाइदा पुग्नेछ ।

फालेलुङका विभिन्न क्षेत्रबाट कृषि उपजदेखि अन्य सहजताका लागि सडक सञ्जाल अति आवश्यक रहेको भन्दै भौतिक पूर्वाधार विकास मन्त्री जवेगूले मापदण्ड अनुसार गुणस्तरीय सडक निर्माण गर्न निर्माण व्यवसायीलाई निर्देशन समेत दिए । फरक प्रसंगमा बोल्दै आफू सरकारमा रहँदा वा नरहँदा पनि जनताका सरोकारका विषयमा निरन्तर लागि रहने पनि बताए । मन्त्री जबेगुले सडक निर्माण कार्य उल्लेखित समय भित्र सम्पन्न गर्न आग्रह गरे । सडक कालोपत्रे योजना ग्रामीण सडक सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन इकाई विराटनगरमार्फत सञ्चालन हुनेछ ।

भ्याटसहित २७ करोड २५ लाख ९३ हजार तीन सय सट्चालीस रुपैंया ५४ पैसामा रौताहा एपेक्स जेभीले २०८२ चैत्र १८ गते सम्पन्न गर्ने गरी सडक निर्माणको सम्झौता गरेको छ । फालेलुङ ५ बाँसबोटे देखि मदनचोक सम्म ११ किलोमिटर सडक कालोपत्रेका लागि कोशी प्रदेश सरकारको १२.५ प्रतिशत र एसीयाली विकास बैंकको ८२.५ प्रतिशत लगानी साझेदारीमा सम्झौता भएको हो ।


## मोटरसाइकल हरायो

मिति २०८०/१२/२३ गते २०:२० वजे टोखा-३ ढलमल जिम हल नजिक पाकिङ्ग गरेको ठाँउबाट लु ९७ प ३७९० (बा.प्र. ०२-०४८ प ८४०२) नम्वरको पल्सर २२० (कालो, निलो रङ) मोटरसाइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

इन्जीन नं. :-DKXCNM38001
च्यासिस नं.:-MD2A13EX9NCM83805
नाम :– लबराज थापा
फोन नं. :– ९८५१३३५८७८
ठेगानाः पञ्चकन्या-३ घलेगाँउ नुवाकोट घरभई हाल तारकेश्वर-९, मनमैजु काठमाडौं

## भुलवस प्रकाशित भएको सूचना

मिति २०८०/१२/२७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित, कतारमा रोजगार शिर्षक कम्पनीको नाम : **BOJAMHOOR MECHANICAL AND ELECTRICAL CO**, पूर्व स्वीकृत मितिः **२०८०/१२/१६**, चलानी नं.: **६०२१८०६०**, र LT. No.: **302717**, कम्पनीको नाम : **BOJAMHOOR MECHANICAL AND ELECTRICAL CO**, पूर्व स्वीकृत मितिः **२०८०/१२/२३**, चलानी नं.: **६०२१८०५९**, र LT. No.: **303132** को विज्ञापन भुलवस प्रकाशित भएकोले यसै सूचनालाई आधार मानी सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

AAROHI HR Solutions Pvt. Ltd. Govt. Lic. No. 1244/074/075
ISO 9001:2015 Certified
आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
Kathmandu Metropolitan- 3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com | info@aarohihrsolutions.com
01- 4961807, 4962925 | 9802067941 | 9801081902

## UAE मा रोजगार

कम्पनी : I ZONE ELECTROMECHANICAL CONTRACTORS LLC
शहर:ABU DHABI

पूर्व स्वीकृत मितिः २०८०/१०/२१ चलानी नं.: ६०२१४३४२ L.T. No.:299390 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Central Air Cooling Mechanic | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician | 35 | 0 | | 1200 | ४३,४६४ | | | | | | | |
| 3. | Power Plant Electrician | 35 | 0 | | 1200 | ४३,४६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ८ गते (20 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 562/062/063
ROTARY OVERSEAS PVT. LTD.
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873
Mobile : 9818216982, 9803856062, 9851035262, 981-5066489
Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

## साउदीमा रोजगार

कम्पनी: ETIMAD HUMAN RESOURCES COMPANY A ONE PERSON COMPANY
शहर: Saudi Arabia,RIYADH

पूर्व स्वीकृत मितिः २०८०/१२/२७ चलानी नं.: ६०२१८१०३ L.T. No.:303280

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN WORKER | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख ५ गते (17 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/ कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोनः ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

## UAE मा रोजगार

कम्पनी: GREEN CONCRETE LLC DUBAI BRANCH
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०८०/१२/२७ चलानी नं.: ६०२१८०९७ LT. No.:303316

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Cum Operator | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Placing Boom Operator | 2 | 0 | | 1500 | ५४,३३० | | | | | | | |
| 3. | Static Pump Operator | 2 | 0 | | 1500 | ५४,३३० | | | | | | | |
| 4. | Transit Mixer Driver | 50 | 0 | | 1500 | ५४,३३० | | | | | | | |

अन्तर्वार्ता : मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ५ गते (17 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic No.: 842/066/067
K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.
Tokha -05, Kathmandu Nepal, Tel: 01- 5910923
E-mail : kpintloverseas@gmail. com
Mobile : 9804836615

## दुहुँ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

हिकिला, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः-२०८०।१२।२८**

दुहुँ गाउँपालिका हिकिला, दार्चुलाको मिति २०८०।११।२० मा प्रकाशित बोलपत्र खरिद सम्बन्धीको सूचना अनुसार मिति २०८०।१२।२० गते दिउसो ठिक १२:०० बजेभित्र दर्ता हुन आएका बोलपत्रहरूमध्ये न्युनतम मूल्यांकित सारभुत रूपमा प्रभावग्राही तपसिलको ठेक्का बोलपत्र स्वीकृतिको लागि छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) प्रयोजनार्थ सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्काको नाम र नंम्बर | निर्माण कम्पनिको नाम | कुल कबोल अंङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | Construction of Pipalchauri Healthpost Building. (DRM/NCB/WORKS/04/2080/081) | Jay Huskar Construction, Ma.Na.Pa.-03, Darchula | रू. ३४,९६,९३९।०० (भ्याट र पि.एस्.सहित) | |

**प्रमुख प्रशासकीय अधिकृत**

## बराहताल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कुनाथरी, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८०/१२/२८ गते)

यस कार्यालयको तपशिलमा उल्लेखित खरिद कार्यहरुको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम नियम अनुसार म्याद भित्र पर्न आएका बोलपत्रहरुमध्य तपसील बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागी छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसील

| सि. नं. | ठेक्का नम्बर | कामको विवरण | स्वीकृत हुने बोलपत्रदाता/फर्मको नाम र ठेगाना | स्वीकृत रकम (भ्याट सहित) रु. |
|---|---|---|---|---|
| १. | BRM/NCB/GOODS/080/81-01 | Procurement and supply sanitary pad for Barahatal Rural Municipality, Surkhet | Angel Touch Hygiene Manufacturing Pvt.Ltd., Mahila Ghar Bhaisepati | 752717.63 |
| २. | BRM/SQ/GOODS/080/81-02 | Procurement of steel parts and fixtures for Rakseni Suspended Bridge | Bageshwari Steel Structure Private Limited, Nepalgunj | 1682674.69 |
| ३. | BRM/SQ/GOODS/080/81-03 | Procurement of steel parts and fixtures for Sotkhola Suspended Bridge | Bageshwari Steel Structure Private Limited, Nepalgunj | 1322990.54 |

प्रमुख प्रशासकीय अधिकृत



## सम्पादकीय

# दुवै पक्षले हठ त्याग

संसदको सवैभन्दा ठूलो दल नेपाली कांग्रेसले प्रतिनिधिसभा अवरोध गर्न थालेको एक महिना नाघेको छ। गत २१ फागुनमा सत्ता समीकरण फेरिएसँगै कांग्रेस प्रमुख प्रतिपक्षी दल बन्न पुगेको थियो। प्रतिपक्षी भूमिकामा धकेलिदै गर्दा कांग्रेसले संसद् सञ्चालनमा सजिलो नपार्ने चेतावनी दिएको थियो। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विवादित मन्त्रीहरू हटाउन कांग्रेस तयार नभएकाले सत्ता समीकरण फेर्नु परेको तर्क गरेका थिए। त्यही तर्कलाई आधार मानेर कांग्रेसले उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेविरूद्ध खनिने नीति लियो। सहकारी ठगी प्रकरणमा लामिछाने संलग्न भएकाले पदबाट राजीनामा दिइनुपर्ने कांग्रेसको सुरूवाती अडान थियो। तर राजीनाको साटो कांग्रेसले भाषा फेरेर छानबीन आयोग गठनको माग राखिरहेको छ। रास्वपा सभापति एवं गृहमन्त्री लामिछाने र सत्तारूढ नेताहरू भने कांग्रेसको माग पूरा गर्न तयार छैनन्।

सभामुख देवराज घिमिरे र प्रधानमन्त्री प्रचण्डले संसद्को गतिरोध हटाउन पहल गरिरहेपनि कांग्रेस अडानबाट पछि हटेको छैन। संसदीय समिति नभएर स्वतन्त्र आयोगकै अडानमा कांग्रेस अडिग छ। मंगलबार प्रधानमन्त्रीको निवास बालुवाटारमा पनि कांग्रेसले आयोग गठनकै अडान लिए। त्यसको विकल्पमा सत्तारूढ पक्षबाट भने गृहमन्त्री लामिछाने संलग्न भएको भनिएको मात्रै नभएर समग्र सहकारीकै समस्याहरूमाथि छानबीन गर्ने आयोगको प्रस्ताव भएको थियो। सत्तारूढले राखेको प्रस्ताव अनुसार आयोग बने भने देशभरका सबै सहकारीहरूको समस्यामाथि छानबीन हुनेछ। त्यसमा गृहमन्त्री लामिछाने मात्र नभएर अरू दलका नेताहरूमाथि समेत छानबीन हुन सक्छ।

तर सत्तारूढको यस्तो प्रस्तावमाथि तयार नभएको कांग्रेसले मंगलबार पनि प्रतिनिधिसभा चल्न दिएन। कांग्रेसले अडान नछोडेपछि सभामुख बैठक स्थगित गर्ने र अर्को बैठकको मिति तोक्ने नियतिमा बाँधिन पुगेका छन्। तर दुवै पक्ष अडानबाट पछि हट्न तयार देखिदैनन्। कांग्रेसको एजेण्डालाई सत्तारूढले राजनीतिक माग भनिरहेको छ भने गृहमन्त्री लामिछाने पदमा रहेसम्म सहकारी पीडितले न्याय पाउने बाटो नखुल्ने निष्कर्षमा कांग्रेस छ। यदि दुवै पक्षले अडान छोडेनन् भने यो अधिवेशनको नियति पनि अघिल्लो अधिवेशनकै जस्तो हुने लगभग पक्का छ। अघिल्लो अधिवेशनले जम्मा एउटा कानून बनाएको थियो। त्यसैले दलहरूबीच सहमति जुट्नु लगभग अनिवार्य हो। सत्तारूढ र प्रतिपक्षीबीचको सम्वाद सघन बनाउने अनि दुवै पक्ष लचक हुने हो भने समाधान अवश्य निस्कन्छ। मुलुकका निम्ति आवश्यक बाटो पनि त्यही हो।


# शिक्षा प्रणालीमाथि प्रश्न

*हाम्रो शिक्षाले नैतिक, इमानदार र अनुशासित विद्यार्थीहरू उत्पादन गर्न सकेको छैन। शिक्षा सीपमूलक भएन, रोजगारी पाउन नसक्ने शिक्षाप्रति आम मानिसको चासो छैन। अहिले प्लस टू सकिनासाथ "खाडीमै भेटूँला" भनिँदैछ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



यसपालिको एसईई परीक्षा सकियो, झण्डै ३० हजार विद्यार्थी फाराम भरेर अनुपस्थित भए, बाध्यता होला तिनको। राजनीतिमा त साला, साली, गर्ल फ्रेण्ड, ब्वाइ फ्रेण्ड, दाजु, भाउजू, भिनाज्यू प्रशस्तै चलेको हो, अब त शिक्षा, त्यसमाथि एसईईमा पनि सालोको परीक्षा भिनाले दिएको खबर बाहिर आएको छ। हाम्रो संस्कार, संस्कृति मौलिकतालाई विदेशी संस्कृतिले बेस्सरी किच्न लागेको छ र देशमा सधैं अप्रिल फूल छ। नेतृत्व भन्दैछ अर्को उथलपुथल गर्छु भनेर। टिआरसी विधेयक कता पुग्यो, निजामती विधेयकमा लत्तो छोडिएको छ, देश संघीयतामा गएपछि सबैतिर जात्रा भएको छ, सार्वजनिक विदा नदिएको दिन छैन, यति सानो देशमा ठूला देशको राजनीति नक्कल गरिँदैछ। राजनीति र विद्यार्थी जति खाडीतिरको सुरसारमा छन्। स्वीट्जरलैण्ड बनाउँछु भनेर नक्कली गफ दिनेहरूले अब तुरुन्तै देशलाई सोमालिया बनाउँदैछन्।

मोटै रकमको बिजुली निर्यातको गफ दिने हाम्रो नेतृत्वले करकाप गरेर छिमेकीले तीन महिनाका लागि विद्युत आयातको सम्झौता गरेको छ। त्यो पनि दिउँसोको समयमा मात्रै दिने रे, जम्मा ५ सय ५४ मे वाट मात्र। देशभरीको माग दैनिक एक हजार ८८५ मे वाट छ र सबै जोड्दा एक हजार ६९८ मे वाट यहाँ आपूर्ति हुन सक्छ र अझै १८७ मे वाट अपुग भई लोडसेडिङ्ग गर्नुपर्ने अवस्था छ। अहिले पनि उद्योग त देशमा छैनभन्दा हुन्छ, भएका उद्योगहरूमा दैनिक १० घण्टा लोडसेडिङ्ग छ र देशले सवा सय वर्षमा निजी क्षेत्रसमेत गरी दुई हजार आठ सय मे वाट बिजुली उत्पादन गर्न सकेको छैन, १० हजार मे वाट निर्यातको सम्झौता भइसकेको छ।

वि.सं. १९९० देखि देशमा एसएलसी परीक्षा शुरु भयो। अब एसईईमा परिणत भएको छ। तर, विद्यार्थीहरू नैतिक, इमानदार, अनुशासित उत्पादन गर्न सकिएको छैन। हाम्रो शिक्षा सीपमूलक भएन, रोजगारी पाउन नसक्ने शिक्षाप्रति आम मानिसको चासो छैन र प्लस टू सकिनासाथ खाडीमै भेटूँला भनिँदैछ। २०२८ सालमा लागु गरिएको ऐनलाई जसोतसो कार्यान्वयन गरिँदैछ। शिक्षा ऐन आठौं संशोधन २०७३ ले कक्षा १० को एसईई र कक्षा १२ को परीक्षाको जिम्मा राष्ट्रिय परीक्षा बोर्डलाई दिएको छ। साविकको एसएलसी अब एसईईमा परिणत भएको छ र कक्षा १२ उत्तीर्ण नभएसम्म कलेज वा विश्व विद्यालयका ढोका बन्द नै रहेका छन्। संविधानको धारा ३१ ले प्रत्येक नागरिकले आधारभूत शिक्षा निःशुल्क र अनिवार्य रुपमा पाउने गफ दिएको छ र माध्यमिक शिक्षासम्म निःशुल्क नै भनेको छ। तर, यो व्यवहारमा लागु छैन र अभिभावकहरूले आफ्नो सबै आम्दानीबाट पनि सन्तानको शैक्षिक खर्च धान्न नसकेको व्यापक गुनासो छ।

स्वास्थ्य बीमा भन्ने सरकार अतिरिक्त शुल्क लिन्छ र निजी क्षेत्रका शैक्षिक संस्थाहरूले ठूलै व्यापार गरिरहेका छन्। सरकारी पनि निःशुल्क छैन। संविधानको अनुसूची ८ले शिक्षालाई स्थानीय तहको क्षेत्राधिकारमा राखेको छ र पालिकाका पदाधिकारीहरूलाई विद्यालयहरूमा गएर माला लगाउनै भ्याइ नभ्याइ भएको छ। गुणस्तरको जनशक्ति छैन र राम्रो अनुगमन भएको छैन, अनि नानाथरिका शुल्कहरूले अभिभावक चिन्तित छन्। अभिभावकहरूको आय आर्जन, नहुँदा विद्यार्थीको विद्यालय ड्रप आउट संख्या बढ्दैछ। कक्षा ९ देखि १२ सम्मका विद्यार्थी स्कूल छोड्ने क्रम ४३ प्रतिशत रहेको एक अध्ययनले देखाएको छ भने उच्च शिक्षामा भर्नापछि ड्रप आउट संख्या २० प्रतिशत देखिएको छ। यसपटक फाराम भरेका हजारौं अनुपस्थित भए, विभिन्न कठिनाईका कारण, वार्षिक सवा लाख विद्यार्थीहरू बाहिर पोखिएको स्वयम् त्यस क्षेत्रमा काम गर्नेहरूको भनाइ छ र महिनाकै १० अर्ब रकम विदेश जाने गरेको तथ्यांक छ।

यही चैत्र १५ देखि यस वर्षको एसईई परीक्षा शुरु भयो, जसमा दुई हजार ६४ परीक्षा केन्द्रहरू रहे भने विद्यार्थीको संख्या पाँच लाख बढी भयो। सबैभन्दा बढी परीक्षामा सामेल हुने काठमाडौं केन्द्रबाट ३८ हजार ८१३ जना विद्यार्थीको आँकडा छ भने कममा परेको छ जापान केन्द्र जसमा मात्र २३ जना विद्यार्थी रहेका छन्। यसवर्ष परीक्षामा केही परिवर्तन गरिएको छ, जसमा आन्तरिक मूल्यांकनमा न्यूनतम ४० प्रतिशत र सैद्धान्तिकतर्फ हरेक विषयमा ३५ नम्बर ल्याउनै पर्छ। योभन्दा कम ल्याउने नन् ग्रेडिङ्गमा पर्ने हुन्छ र फेरि निश्चित विषयमा हो भने ग्रेड वृद्धिमा सामेल हुन सक्ने प्रावधान छ। अहिलेका विद्यार्थीमा परीक्षाप्रति आकर्षण भने छैन, पढाइप्रति पनि खासै अभिरुची देखिँदैन।

नयाँ पुस्तामा जिम्मेवारीको अभाव छ, मस्तिष्कमा समझदारीको अभाव छ, मिहिनेत नगरीकनै ठूलो बन्ने, धनी हुने सोख छ। राजनैतिक दलहरूले आ-आफ्ना भ्रातृ संस्थाहरू खोल्दै नयाँ पुस्तालाई आफैं जस्तो हुन प्रशिक्षण गर्दैछन्। विद्या ददाति विनयं विनयात् याति पात्रताम्, पात्रतात् धनमाप्नोति धनात् धर्म ततः सुखम् अर्थात् विद्याले नम्रता दिन्छ, नम्रताले असल पात्र बनाउँछ, असल पात्रबाट धनार्जन हुन्छ, त्यस्तो सत् आर्जित धनले धर्म भई जीवनभरि सुख र त्यसपछि शान्ति मिल्छ। त्यसैले नीतिले नै भनेको छ विद्या धनं सर्व धनं प्रधानम् अर्थात् सबै धनभन्दा विद्या धन नै ठूलो धन हो। ठीक उल्टो आजको शिक्षाले ढुंगा हान्न सिकाएको, श्रम, शिपको अभाव भई मौलिकता गुमाएको पराधीन भई झन् झन् बेरोजगार भई आमा बाबुको घर, खेत बिकी गर्दै खाडीमा जान प्रेरित गरेको, युरोप, अमेरिकाको सपनामा अभिभावकबाट टाढा भएको बाबु आमा एक्लै भएका र मृत्यु र त्यसपछि पनि सन्तानको अभाव भएको महसूस भएको छ।

आजको नयाँ पुस्ताले न घर, परिवार, समाज वा देश बोक्न सकेको छ, न आफू स्वावलम्बी भई स्वआर्जन गर्न सकेको छ। साँचो विद्या त्यस्तो विद्या हो जसले जीवनलाई जीवन्त बनाउँछ। अक्षर भन्नु क्षर अर्थात् खेर नजानु हो, नष्ट, भ्रष्ट नहुनु हो, नाश नहुनु हो, अझ अक्षर भन्नु त परब्रह्म प्राप्ति हो, मुक्ति पनि हो, उन्मुक्ति हो, अक्षर सहित आफूलाई स्थापित गर्नु साक्षर हुनु हो, कखरा सिक्नु वा ए बि सि डि पढ्दै साक्षर हुने होइन, ठूला डिग्री बोक्दैमा मानिस ठीक हुन्छ भन्ने होइन, अक्षरै नचिनेकाले पनि घर, परिवार, जीवन गतिलो ढंगले हाँकेका कैयन उदाहरण छन्। हो, ज्ञान प्राप्त गरेपछि विज्ञानको दुरुपयोग गर्नु हुन्न, बन्दुकको बलभन्दा कलमको बल बढी हुन्छ।

त्यो बेला बिहानभरी मेला भ्याएर चार गाँस टिपी कुदेर स्कूल जानुपर्ने त्यो पनि खाली खुट्टा, आउँदा जाँदा खोला बाढीको पीर त छँदै थियो। स्कूलमा ढिलो हुन नहुने, गुरुलाई मुखाग्री पाठ बुझाउनु पर्ने, लेखेर सबै देखाउनु पर्ने, भन्न सकिएन वा गल्ती भयो वा गृहकार्य गरिएको छैन भने लठ्ठी खानुपर्ने त्यो पनि हातै रातो हुनेगरी। हाफ टाइमको समय आधा घण्टा रल्लिँदा पाँच, दश पैसाको चना, केराउ टोक्दै पन्ध्र बीस मिनेटको खालि समय कि त साइकल खेल्ने भाडामा साइकल लिएर वा स्कूल नजिकै बजारमा सुनिने रेडियोको समाचारले दिनभरिका राष्ट्रिय, अन्तर्राष्ट्रिय घटना बारे जानकारी लिनु पर्ने, छुट्टी भएपछि सुरुवालको इनारले कम्मरमा किताबहरू अड्काएर या त घर फर्कँदा खेत बारीको मलको डोको वा पतकर, घाँस, दाउरा वा बजारका कुनै किनमेल वा फर्कँदा खेतमा धानमा पानी लाउने, बाउसे गर्ने वा खेत गोड्ने वा गहुँ चुट्ने, काट्ने, गाई बस्तु कता छन् खोज्दै गोठसम्म ल्याउनु पर्ने अवस्था हुन्थ्यो। जसोतसो घरभित्र पुगेपछि टुकी बत्तीमा भात, भान्छा, रसेटो, गाई दुहुनु, खानी कुरो हाल्ने, किताब समाउने फुर्सदै कहाँ पाउने र! जसोतसो घरधन्दा छिनेर ओछ्यान पुगी भोलि गुरुलाई पाठ बुझाउनु पर्ने तयारी कण्ठ पारेर हो वा लेखेर, गृह कार्य पूरा गर्दा मध्यरात बितिसक्थ्यो। समयले कोल्टो फेर्‍यो।

नयाँ पुस्ता अहिले आठ बजेसम्म ओछ्यान छोड्दैन। सोफा वरिपरि पुस्तक छरिएका छन्, मिलाउँदैनन्, बेड टि समयमै चाहिन्छ, दाँत माझ्न शनिबार कुर्नुपर्छ। स्मार्ट फोन, पंखा मुनि सजिएको कोठा, टेबुल, कुर्सी, ल्यापटप, अनलाइनमा नेटको फि, बाउ, बाजेको घरमा हुने महिनाको खर्चबारे जानकारी छैन। बट्टा बन्दी खाना त्यो पनि भनेकै बेला, स्कूलले तोकेकै ड्रेसमा आफ्नो कोठामा खाना चम्चाले खाँदै पढेजस्तो त्यो पनि सँगै अर्को अभिभावक, जान्ने मान्छे बसिदिनु पर्ने नेपाली अक्षर राम्रो लेख्न सक्दैनन्। स्कूलको फि, स्टेशनरीको खात, ब्याग, टाई, सुट, वि एफ र जि एफको भीड, बा-आमा भन्न नजान्ने, परदेशी गाना कण्ठ हुने, स्वदेशी भूगोल र स्वदेशी, विदेशी सामान्यज्ञानको अत्तो पत्तो नभएको, घरको काम, भात, भान्छामा सिन्को नभाँच्ने, कोठालाई होटल सम्झने, इष्टमित्र, खेत, बारी, चाड पर्व केही नजान्ने। अनलाइन बाहेक अरु मामलामा अत्तो पत्तो केही नभएकाले ए प्लस जिपिए ल्याएको भन्दै लड्डू र पेडा अनि केक र हेप्पी वर्थ डे गरिदिनु पर्ने, त्यो पनि तिथि मिति पूर्वीय धर्म संस्कृति विपरित तारेखमा। यो परिपाटी बदल्ने पर्छ। हाम्रो सिकाई माटो अनुकुल, समाज अनुकुल र संस्कृति अनुकुल बनाउनै पर्छ।

## सामाजिक सञ्जाल



**- विष्णु ढकाल**

अस्ति भर्खर जस्तो लाग्छ आफन्तहरूको घरमा पाहुना हुन जादा सर्वप्रथम गोठ तिर गएर गाईगोरू भैंसी बाख्रा हेर्ने चलन रहेको! भलाकुसारी पनि तिनै प्रसङ्गबाट सुरू हुन्थ्यो। समय यसरी फेरियो कि आजकल त जानासाथ छोराछोरीहरू कुन देशमा छन्, कुन शहरमा घर घडेरी छ, गफ सुरू त्यहीँबाट हुन्छ। वाह परिवर्तन!



**- नवराज पन्त**

एउटा 'खुल्ला बजार अर्थतन्त्र' अंगालेको देशले 'खुल्ला नगद प्रवाह' रोक्छ भने 'खुल्ला बजार अर्थतन्त्र'ले काम गर्दैन र सामन्ती अर्थतन्त्र लादिन सक्छ, जो सबैको निम्ति घातक हो! नगदको नौ सिङ्ग भन्ने टुक्का व्याप्त देशमा अर्थतन्त्र झन् जकडिन सक्छ। उदार र खुल्ला अर्थतन्त्र लागु गर।



**- सेतेमान तामाङ**

देशभर सहकारीमा एमाले आबद्ध व्यक्तिहरू धेरै जोडिएका छन्। रवि, जिवी र डिपी त एउटा पात्र मात्रै हुन्। सहकारी छानविन हुनसाथ हजारौं एमाले कार्याकर्ताहरू दोषी हुने भएकोले एमालेले संसदीय छानबिन समिति गठन गर्न आनाकानी गरिरहेको छ। संसदीय छानबिन समितिभन्दा पनि जाँचबुझ आयोग गठन गर्नुपर्छ।



**- सुर्यराज आचार्य**

चर्चामा रहेका खुला प्रतिस्पर्धा, हस्तक्षेपरहित नियुक्तिलगायतका कुरा ठिकै सुनिएलान्, तर नेपालको उच्च शिक्षामा परिणाममुखी उल्लेख्य सुधारको लक्ष्य हो भने यस्ता श्रृङ्गारिक कदम मात्रले खासै परिणाम निस्कन्न। संरचनात्मक सुधारका लागि सबै दलको उच्च नेतृत्व तहमा सहमति जरूरी देखिन्छ।

## तपाईंको राशिफल

- मेष : प्रसन्नतामा वृद्धि हुनेछ। स्वास्थ्य राम्रो रहनेछ।
- वृष : लेनदेनमा सावधानी राख्नुहोला। मनोबल उच्च रहनेछ।
- मिथुन : सन्तान सुखमा वृद्धि हुनेछ। व्यवसायमा लाभ मिल्नेछ।
- कर्कट : सन्तुलित आहारमा ध्यान दिनुहोला। पेटसम्बन्धी समस्याको योग छ।
- सिंह : आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ। सन्तान सुख प्राप्त हुनेछ।
- कन्या : खर्चमाथि नियन्त्रण राख्नुहोला। धार्मिक कार्यमा सहभागिता बढ्नेछ।
- तुला : जग्गा खरीद हुने योग छ। व्यापारिक प्रगति राम्रो हुनेछ।
- वृश्चिक : राजनीतिक कार्य सफल हुनेछ। नयाँ काम बन्ने योग छ।
- धनु : सम्पर्कमा वृद्धि हुनेछ। शिक्षामा लाभ मिल्ने योग छ।
- मकर : राजनैतिक कार्यमा रूकावट आउनेछ। पारिवारिक कार्य सफल हुनेछ।
- कुम्भ : वाणी संयम राख्नुहोला। जोखिम लिनु हुँदैन।
- मीन : साहसिक कार्य सफल हुनेछ। पारिवारिक कार्य सफल हुनेछ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# राजसंस्थामाथिको बहस

विचार



● कृष्ण पौडेल

नेपालको राजनीतिमा पारिवारिक विरासत नयाँ होइन। चाहे त्यो कृष्णप्रसाद कोइरालाका परिवारको प्रभुत्व होस्, चाहे त्यो प्रकाशमान सिंह। सीमित राजनीतिज्ञहरूले मात्र आफ्नो पारिवारिक विरासतको विस्थापन गरिरहेका छन्। बाँकीले आफ्नै सन्तति नेपालको राजनीतिमा माथिल्लो तहमा रहिरहुन र नियन्त्रण गरिरहुन् भन्ने चाहन्थे।

कुनै एक जना राजनीतिक विश्लेषकले भन्ने गर्थे, "यदि अहिलेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का छोरा प्रकाश दाहाल बाँचिरहेका हुन्थे भने अहिलेको व्यवस्था संघीय लोकतान्त्रिक गणतन्त्र होइन, प्रकाश दाहाल गणतन्त्र भइसक्ने थियो।"

अहिले प्रचण्डका छोराले होइन, छोरी गङ्गा दाहालले देश हाँकिरहेकी छन् भन्दा फरक नपर्ला। देशका व्यापारी, उद्योगीसँग उनको सबैभन्दा राम्रो सम्बन्ध छ। देशको ७० प्रतिशत अर्थतन्त्र हाँक्ने निजी क्षेत्रसँग त्यति राम्रो सम्बन्ध भएपछि गङ्गा दाहालले अर्थतन्त्रमा योगदान पुऱ्याएकै होलिन् भन्न मिल्छ।

यतिबेला बैंकमा पैसा थुप्रिएको छ। ऋण लिने कोही भेटिन्नन्। व्यवसायीको मनोबल खस्केको छ। काठमाडौंको गल्ली गल्लीमा भाडामा सटर भेटिन्छन्। पोखरा, विराटनगर जस्ता अन्य ठूला शहरमा पनि काठमाडौंकै हालत छ।

सरकारी तथ्यांकले भन्छ- गत वर्ष मात्र दुई लाख जनाले देश नफर्किने गरी भिसा लिए। फर्कने गरी भिसा लिएर विदेश गएकाले पनि उतैबाट नफर्कने गरी प्रक्रिया शुरू गरिरहेका छन्। जस्तै दुबई गएकाहरूले उतैबाट क्यानडाको लागि प्रोसेस गर्छन्। समग्रमा आजको राजनीतिको कुरा गरिरहँदा न्यायालयको विवाद, सत्ताधारी र प्रतिपक्षबीचमा हुने मनमुटाव अनि जुहारीबीच लोकतन्त्र र संघीय पद्धति पश्चातको राजनीतिमा पनि निष्ठा र न्यायको खडेरी कायमै छ। यही खडेरीका कारण अर्थतन्त्र तंग्रिन सकेको छैन। युवाको विदेश पलायनको तथ्यांक भयावह छ।

सबै पार्टीको नेतृत्व तहमा गुलामी सोच र चाकडी पद्धति लठिबज्र छ। परिवर्तनको नाम जप्नेहरू नै पनि स्खलित छन्। नयाँ पार्टी जन्माएका पनि आलोचना र तुच्छ गालीमा लिप्त छन्। समालोचना गरेर आफूलाई सुधार्ने नीति र व्यवहार दुवै कुरा पटक्कै देखिन्न। निष्ठाको अभावमा वर्तमान राजनीति साँच्चै विसंगत छ। यस कुरामा आममानिसले मिहीन ढंगले विश्लेषण गर्नु अत्यावश्यक छ। अबको चुनावमा असल नेताको पहिचान नगरेमा हामी उही उल्टो दिशामा प्रताडित भइरहनेछौं। यो पनि निश्चित छ।

अब प्रश्न उठ्छ, राजतन्त्र किन चाहियो त? राजा ज्ञानेन्द्रले शासन सत्ता सुरु गर्ने बित्तिकै राजतन्त्रै फाल्ने कुरा चलेको थिएन। तर जब उनले शक्ति र सत्ता आफूमा केन्द्रित गर्दै गए तब मात्र राजतन्त्र विवादमा आएको थियो, गणतन्त्रको नारा लाग्न थालेको थियो।

आज त्यही इतिहास दोहोरिन थालेको देखिन्छ। गणतन्त्र आएपछि जति पनि राष्ट्रपति बनेका छन्, उनीहरूको कार्यशैली जनतालाई पटक्कै मन परेको छैन। दलबाट जति पनि प्रधानमन्त्री बनेका छन्, उनीहरूको कार्यशैलीबाट जनताले सोचेजति मात्र होइन, कत्ति पनि प्राप्त गरेका छैनन्। भ्रष्टाचार धरहराभन्दा अग्लो स्वरूपमा ठडिएको छ। सत्ता र शक्ति सदुपयोग गर्न सकियो भने समस्या बन्दैन तर जब यसको दुरुपयोग हुन थाल्छ तब यो चुनौती बन्न थाल्छ। आजको स्थिति यस्तै देखिएको छ।

२०४६ सालमा पञ्चायत व्यवस्था फाल्ने आन्दोलन भएको थियो। त्यस बेला राजतन्त्रलाई नै आघात पुऱ्याउने आन्दोलनको लक्ष्य थिएन। पञ्चायती व्यवस्था गयो अर्थात् राजाको सोझो नेतृत्व समाप्त भयो तर, राजतन्त्र कायमै रह्यो। २०६३ सालको जनआन्दोलनले भने राजतन्त्रलाई नै आघात पुऱ्यायो। त्यस बेला राजनीतिक व्यवस्था नै राजासित गाँसिन गयो। आज पुनः त्यही अवस्था देखिएको छ। आज नेताहरूलाई हटाउ भनेर कसैले भन्न सक्दैन किनभने गणतन्त्रका हाँगाबिँगाहरू यिनै नेताहरूसँग जोडिएको छ। त्यसैले व्यवस्था हटाएर भ्रष्ट नेताहरूलाई कारवाहीको दायरामा ल्याउनु उत्तम उपाय देखिएको छ।

गणतन्त्रवादी दलहरूका कारण देशको अस्तित्व नै खतरामा पर्न लाग्नु नै राजा आउनुपर्ने एउटा सुनौलो कारण हो। हुन त यसअघिकी राष्ट्रपति विद्यादेवी भण्डारीले स्वयम् राष्ट्रिय एकता खलबलिन लागेको भन्दै चिन्ता व्यक्त गरेकी थिइन्। नेपाली सेना राष्ट्रिय अखण्डतालाई लिएर सचेत र सतर्क भइरहन्छ। जान्नेसुन्ने मानिस पनि नेपालको अस्मिता मात्र होइन, अस्तित्व नै समाप्त हुन लाग्यो भन्दै खबरदारी गरिरहेका छन्। यसैबाट त्राण पाउन सकिन्छ कि भनेर राजसंस्था र हिन्दु राज्यको पुनःस्थापनाको आह्वान भइरहेको हो।

राजसंस्थाका केही यस्ता गुण छन्, जुन नेपालजस्तो सानो र ठूला छिमेकी मुलुकहरूले घेरिएको देशलाई काम लाग्छन्। राजसंस्था राष्ट्रिय एकताको प्रतीक हुन्छ। नेपाललाई एक स्वतन्त्र मुलुकका रूपमा व्यवहार नगर्ने चेष्टा भएको देखिएकै हो। यस्तो खेल खासगरी २०४६ सालको राजनीतिक परिवर्तनपछि भएको पाइन्छ। राजतन्त्रले छिमेकी र विदेशीहरूको निर्देशन लागू र मनोमानी हुन दिएन भनेर राजा वीरेन्द्रको परिवारै हत्या गरिएको तथा मदन भण्डारीजस्ता नेताको अन्त्य गराइएको आदि शंका र विश्वास गरिन्छ।

यसबाट के स्पष्ट हुन्छ भने नेपाल र नेपालीको स्वतन्त्र अस्तित्व बचाउन एउटा राष्ट्रिय प्रतीक आवश्यक छ र ९० प्रतिशतको हाराहारीमा रहेको हिन्दु जनसंख्यालाई अपनत्व दिने धार्मिक स्वतन्त्रतासहितको हिन्दु राज्यलाई स्थापनाको तर्कमा बल पुगेको छ। कतिपयले नेपालमा हिन्दु राज्य र राजतन्त्रात्मक व्यवस्था ल्याउन भारतको साथ समर्थन चाहिने तर्क गर्ने गरेका छन्। निश्चय नै व्यवस्था परिवर्तनको सन्दर्भमा छिमेकी देशको साथ र सहयोग आवश्यक पर्छ नै। तर, जसरी जालझेल पूर्ण तरिकाले नेपालमा गणतन्त्र र धर्मनिरपेक्षता स्थापना गरियो, त्यो जालझेल चिर्न नेपाली जनता नै काफी छन्। भारतमा आगामी चुनावमा भारतीय जनता पार्टीकै दबदबा हुने सुनिश्चित जस्तै देखिन्छ। भारतमा बढ्दो हिन्दूवादी रुझानसँग सन्तुलन गर्न पनि नेपालले धर्मका सन्दर्भमा कुनै न कुनै कदम चाल्नुपर्ने नै देखिन्छ। जसरी राजावादी र हिन्दुवादीलाई भारतीय इसारामा चलेको भनी आरोप लाग्ने गर्छ, आरोप लगाउनेहरू अहिलेको हस्तक्षेपका मतियार रहेको स्पष्ट देख्न सकिन्छ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ। - सं.

# पर्सामा आगलागी हुँदा चार घर जलेर नष्ट

**लालबाबु बानिया / मध्यान्ह**
पर्सा, २७ चैत

पर्साको धोबिनी गाउँपालिका वडा नं. ३ ठूलो गुलरियामा सोमबार राति आगलागी हुँदा चार वटा घर पूर्णरुपमा जलेर नष्ट भएको छ। आगालगीले स्थानीय राजेन्द्र कुर्मी, फरिन्द्र कुर्मी, रविन्द्र पटेल र मनिफ मियाँको घर पूर्णरुपमा जलेर नष्ट हुँदा लाखौंको क्षति भएको इलाका प्रहरी कार्यालय लंगडीका प्रहरी नायव निरीक्षक तोजेन्द्र बिसीले जानकारी दिए । विद्युतको तार सट भएर आगलगी भएको हो। आगलागीमा मानवीय क्षति भने नभएको स्थानीय केदार पाण्डेले बताए ।


आगलगीबाट चार वटा फुसको घरसहित घरमा रहेका फर्निचर, लत्ताकपडा, भाँडाकुँडा, खाद्यान्न, नगद, गरगहना, घरका कागजपत्र, साइकल जलेर नष्ट हुनुका साथै ३ वटा बाख्रा पनि मरेको प्रहरीले बताएको छ । आगलागीबाट करिब २५ लाख रुपैयाँ मूल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

आगलागी हुँदा चार वटै घरमा भएका ग्यास सिलिण्डर विस्फोट भएपछि स्थानीयहरुको भगाभाग भएको थियो। पोखरिया नगरपालिका, वीरगञ्ज महानगरपालिका र श्रीपुरबाट पुगेको ३ वटा दमकलसहित स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको थियो । आगलागीबाट घरसहित सबै सामान जलेर नष्ट भएपछि पीडितहरुले सहयोगको अपिल पनि गरेका छन् ।

**इदका लागि किनेका सबै सामग्री नष्ट**

यस्तै पीडित मनिफ मियाँले आगलागीबाट मुस्लिमहरुको महान पर्व इदका लागि खरिद गरिएको सामानहरु जलेर नष्ट भएको बताएका छन् । इद पर्वका लागि आफू र आफ्नो श्रीमानसहित दुई छोरी, दुई छोरा तथा सासु ससुराका लागि खरिद गरेको सबै लत्ता कपडा र सुन चाँदीका गरगहना जलेर नष्ट भएको मनिफकी श्रीमती फुलगेनिया खातुनले बताइन्। आगलागीले आफ्नो परिवारको बिचल्ली भएको बताउँदै उनले इद मनाउन पनि आफूहरुसँग अब केही नभएको दुखेसो गरिन्।

# यौन शोषणको आरोप लागेका युवक फरार

**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौतहट, २७ चैत

रौतहटको यमुनामाई गाउँपालिका वडा नं ४ सरुअठा टोलका एक युवकमाथि यौन शोषणको आरोप लागेको छ । स्थानीय मो. असरफ अलिमाथि यौन शोषणको आरोप लागेको हो। उनी विवाहित युवक हुन्। उनको छोराछोरी समेत छन्। उनले एक युवतीमाथि यौन शोषण गरी गर्भवती बनाएको समेत आरोप लागेको छ । उक्त युवतीले भनेकी छन्, 'मलाई सामाजिक संजालमार्फत मोहन साह नामले कुराकानी गर्दागर्दै आफ्नोतर्फ नजिक गर्न थाले । अनि मसँग बिहे गर्ने प्रतिबद्धता दिएर ३ वर्षदेखि लगातार शारीरिक शोषण गरे।' अलिले ३ वर्षमा चार पटकसम्म गर्भपतन गर्न बाध्य पारेको युवतीले बताएकी छन् । उनले भनिन्,'त्यति मात्र होइन्, मैले विवाहको लागि निरन्तर दबाब दिन थालेपछि उसले मलाई सर्लाहीबाट लगेर रौतहट सदरमुकाम गौरस्थित नेपाल विद्युत कार्यालयदेखि दक्षिणतर्फ महादेवपट्टी जाने सडकको छेउमा रहेको एउटा घरमा कोठा भाडामा लिएर राखेको थियो ।'




असरफले शारीरिक शोषणको लागि साथीहरूलाई समेत लिएर आउन थालेपछि आफुले त्यसविरुद्ध प्रतिकार गरेको उनले बताइन्। आफुलाई अलिले विभिन्न किसिमको यातना, कष्ट, शोषण गरेको युवतीले बताइन् । अहिले युवक भने फरार रहेको युवतीले बताएकी छन् ।

# अख्तियारद्वारा ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**काठमाडौं / मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कृषि विकास निर्देशनालय, गण्डकी प्रदेशका तत्कालीन निमित्त कार्यालय प्रमुख निलकण्ठ पोखरेलसहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।




अख्तियारले सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा पोखरेलसहित निर्देशनालयकै कृषि इन्जिनियर विश्वनाथ पौडेल, तत्कालीन कृषि अर्थविज्ञ (शाखा प्रमुख) भानुभक्त भट्टराई, स्याङ्जाको गल्याङ नगरपालिका-३ स्थित पकवादी सहकारी संस्थाका अध्यक्ष हरिलाल खनाल, उपाध्यक्ष हेमा न्यौपाने, सचिव परसुराम खनाल र कोषाध्यक्ष उमा श्रेष्ठ तथा स्थानीय श्रीप्रसाद श्रेष्ठविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

उनीहरुले स्याङ्जाको गल्याङ नगरपालिकामा रहेको पकवादी कृषि सहकारी संस्थाले भवन निर्माण गर्न भनि कृषि निर्देशनालय, गण्डकी प्रदेश पोखराबाट अनुदान प्राप्त गरी भवन निर्माणका लागि विनियोजित बजेट हिनामिना गरेको अख्तियारको ठहर छ । उनीहरुले एउटा जग्गाधनी प्रमाणपुर्जा देखाएर पछि अर्को ठाउँमा भवन बनाएको, मापदण्ड मिचेको लगायतका अनियमितता गरेको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

अख्तियारले उनीहरुविरुद्ध २८ लाख ३७ हजार २१७ रुपैयाँ बराबरको विगो दाबी गर्दै कैद सजायको मागदाबी लिएको प्रवक्ता घिमिरेले जानकारी दिए ।

## सप्तकोशी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फत्तेपुर, सप्तरी
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८०/१२/२८**

यस कार्यालयबाट मिति २०८०/११/१३ मा प्रकाशित सूचना अनुसार ठेक्का नं. 03/NCB/SKMO/KTS/2080–81 Construction of Kamaldah Tourist Spot सम्बन्धी विद्युतिय बोलपल आह्वानको सूचना अनुसार पर्न आएको बोलपत्रहरुको प्रस्ताव मध्ये सबै भन्दा कम मूल्यमा कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही तपिशल बमोजिमको बोलपत्रदाताको बोलपत्र स्वीकृतिको लाीग छनौट गर्न निर्णय गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजन बमोजिम सम्बन्धित सबैका जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम ठेगाना | कबोल अंक | कै. |
|---|---|---|---|---|
| १. | 03/NCB/SKMO/KTS/2080-81 | Susham Nirman Sewa and Suppliers Beltar, Udayapur, Koshi Pradesh | रु. ७०,७४,६०८.८४ ।- | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Bids

## Bahudarmai Municipality
## Office of Bahudarmai Municipality
Bahuwari Pidari, Parsa

**Date of publication: 10th April 2024 (2080/12/28)**

1. *Bahudarmai Municipality* invites electronic bids from eligible Nepalese bidders for *Construction Works* as mentioned below:-
   ** Under National Competitive Bidding- Single Stage, Single Envelope Bidding Procedures.*

| Contract ID No. | Project Name | Esstimated Amount Nrs.(Exclusive V.A.T & Contigency) | Bid Security | Bid documents Costs |
|---|---|---|---|---|
| BM/NCB/WORKS/2080-081/04 | *Construction of R.C.C Drain and Road Constructuion* **(Bahudarmai Municipality wada no. 9 Bishrampur, parsa)** | 73,86,378.36 | 2,10,000/- | 3000/- |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents on ***PPMO website www.bolpatra.gov.no/egp.***
3. Eligible Bidder can bid electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the non-refundable fee mentioned above for the project of the bidding document fee in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy of bank deposit voucher shall be uploaded by the bidders at time of electronic submission of the bids.
   ***Information to deposit the cost of Bid document Fee in Bank:***
   **Name of Bank: -** Siddhartha Bank Limited, Bahudarmai Branch
   **Account Name:-** Bahudarmai Nagarpalika Antarik Shrot Tatha Bibidh Amdani Khata
   **Account Number: -** 00215378544
4. Pre-bid meeting shall be held at ***Bahudarmai Municipality, Bahuwari Pidari, Parsa*** at ***13:00 hours on 2024/04/29.***
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12.00 Hrs Noon on 10*th May 2024 (2081/01/28).*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 hours on 10th May 2024 (2081/01/28)*** at the office of ***Bahudarmai Municipality, Bahuwari pidari, Parsa***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security amounting to as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
   ***For Bid Security Purpose:***
   Name of Bank**: - Siddhartha Bank Limited, Bahudarmai Branch**
   Account Name:-**Bahudarmai Municipality (GA03) Dharauti Khata**
   Account Number: - **00215378595**
7. If the last date of purchasing or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

## यूएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी: JAN DE NUL DREDGING LTD-ABU DHABI** — शहर: UAE
पुर्व स्वीकृत मितिः २०८०/०५/२७ — चलानी नं.: ६०२०७६३५ — LT. No.: 292469 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Tool Operator | 30 | 0 | सम्बन्धित काममा दक्ष | 5500 | १९९२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Shovel Operator | 25 | 0 | सम्बन्धित काममा दक्ष | 4400 | १५९३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Note. Project मा Long Boom Gps System मा मेशिन चलाएको हुनुपर्नेछ ।
साथै यसै कम्पनीको लागि Mechanical Engineering हरूको पनि आवश्यक भएकोले सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ५ गते (17 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ०५४/०५१/०५२
**पिरामिड इन्टरनेशनल इम्प्लाइमेन्ट सर्भिस (प्रा.) लि.**
महाराजगंज, चप्पल कारखाना, लोशाल, काठमाडौं नेपाल, फोन: ०१-४०१७१०७, ४०१७१४१, ४०१७०६३
फ्याक्स: ४०१७०८६, Email: pyramidinter1995@gmail.com / Web: www.pyramidmanpower.com

## QATAR मा रोजगार

**कम्पनी : KING WAY TRADING CONTRACTING AND CLEANING CO WLL** — शहर : Qatar, DOHA
पूर्व स्वीकृत मितिः २०८०/०५/२४ — चलानी नं.: ६०२०७६२१ — LT. No.:292298 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administrative Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९१,१७५ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2. | Blacksmith | 11 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 3. | Brick Mason | 4 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 4. | Building Worker | 5 | 0 | | 1000 | ३६,४७० | | | | | | | |
| 5. | Business Executive | 2 | 0 | | 2500 | ९१,१७५ | | | | | | | |
| 6. | Carpenter | 5 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 7. | Ceramic Worker | 2 | 0 | | 1100 | ४०,११७ | | | | | | | |
| 8. | Drafts Man | 5 | 0 | | 3500 | १२७,६४५ | | | | | | | |
| 9. | Electrician | 1 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 10. | Executive Sales | 1 | 0 | | 2100 | ७६,५८७ | | | | | | | |
| 11. | Foreman | 4 | 0 | | 2500 | ९१,१७५ | | | | | | | |
| 12. | General Supervisior | 1 | 0 | | 2500 | ९१,१७५ | | | | | | | |
| 13. | Gypsum Technician | 10 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 14. | Helper | 5 | 0 | | 1000 | ३६,४७० | | | | | | | |
| 15. | Labour | 38 | 0 | | 1000 | ३६,४७० | | | | | | | |
| 16. | Mason | 22 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 17. | Painter | 16 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 18. | Pipe Fitter | 1 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 19. | Pipe Welder | 3 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 20. | Plaster Worker | 3 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 21. | Plumber | 8 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 22. | Purchase Manager | 1 | 0 | | 5700 | २०७,८७९ | | | | | | | |
| 23. | Receptionist | 1 | 0 | | 1100 | ४०,११७ | | | | | | | |
| 24. | Tile Maker | 3 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |
| 25. | Welder | 14 | 0 | | 1200 | ४३,७६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख ५ गते (17 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Om International Human Resources Pvt. Ltd.**
Lic No.: 1437/074/075, Basundhara, Kathmandu, Nepal, Tel : 01-4963646, 4980145

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : KHADAMAT AL TAMWEEN FOR DELIVERY CONSUMER ORDERS.** — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८०/१२/१८ — चलानी नं.: ६०२१७६९२ — L.T. No.: 302866 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver/car Driver/ Private Car Driver | 25 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५८,३८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ५ गते (17 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SRK ओभरसिज नेपाल प्रा. लि.** साबिकको नाम (SRK नेपाल प्रा. लि)
टोखा १०, अल नेपाल हस्पिटल नजिक नमस्ते मासु पसलको छेउ
Govt. Lic. No. 1156/073/074 — फोन: ०१४९६३४०३, ०१४९५७६८३, ९८१८६५८०९८, ९८०१८९४४३३

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**१. कम्पनी : DAR KHAYAL CO FOR TAILORING WOMEN'S CLOTHS & FABRICS** — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/१२/२७ — चलानी नं.: ६०२१८०९० — LT. No.:303150

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Collector | 0 | 2 | स. काममा दक्ष | 150 | ६४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**२.कम्पनी : ABDUL HAMEED SALEM SONS COMM. CO. WLL** — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०१/१९ — चलानी नं.: ६०२००८९२ — LT. No.:285465 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Helper | 287 | 52 | स. काममा दक्ष | 85 | ३६,७५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख ५ गते (17 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ नि:शुल्क क.नं. २ रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.**
Licence No. 753/064/065
Nagarjun-4, Sitapaila, Kathmandu | Tel: 01-4034677
Mobile: 9810166668 | Email: manakamanamfec1@ gmail.com

# डोल्पामा डढेलो निभाउने क्रममा घाइते भएका तीन जनाको मृत्यु

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २७ चैत

डोल्पाको मष्टा भवानी सामुदायिक वनमा भएको आगलागी निभाउने क्रममा गम्भीर घाइते भएका चार जनामध्ये तीन जनाको मृत्यु भएको छ।

सोमबार जुम्लाको तातोपानी गाउँपालिका ४ स्थायी घर भइ देविदत्त गुल्म दुनैमा कार्यरत २८ वर्षीय हेमन्त रावतको मृत्यु भएको थियो भने मंगलबार देविदत्त गुल्ममा कार्यरत काभ्रेका ३८ वर्षीय जम्दार केशव बहादुर दर्जा मगर र हुम्लाका २३ वर्षीय आशिष बुढाको उपचारका क्रममा मृत्यु भएको हो । मगर र बुढाको उपचारका क्रममा मंगलबार दिउँसो काठमाडौंको कीर्तिपुर अस्पतालमा मृत्यु भएको जिल्ला प्रशासन कार्यालय डोल्पाका प्रमुख तुलसी प्रसाद दाहालले जानकारी दिए ।



आइतबार भएको आगलागी निभाउने क्रममा घाइते भएका चार जनामध्ये सोमबार साँझ नेपाली सेनाको हेलिकप्टरमार्फत आशिष बुढा र विजय कोइरालालाई नेपालगञ्जस्थित भेरी हस्पिटल पठाइएको थियो । त्यहाँ पनि उपचार सम्भव नभएपछि थप उपचारका लागि घाइतेहरुलाई काठमाडौं पठाइएको थियो ।

यस्तै मृतक रावतको शव मंगलबार दिउँसो नेपाली सेनाको हेलिकप्टरमार्फत उनको गृह जिल्ला जुम्ला पठाइएको छ । आगोमा जलेर गम्भीर घाइते भएका प्यूठ विजय कोइरालाको भने कीर्तिपुर अस्पतालमा उपचार भइरहेको छ ।

आइतबार लागेको आगो सोमबार पुनः सल्किएपछि देविदत्त गुल्म भदालेमा कार्यरत नेपाली सेनाका १६ जनाको टिम सोमबार बिहान आगो निभाउन गएको थियो । आगो निभाउने क्रममा घाइते बाँकी १२ जनाको जिल्ला अस्पताल डोल्पामा उपचार भइरहेको छ ।

# खच्चडमा दुई दिन लगाएर ल्याउँदै गरिएको ६० केजी कुखुराको मासु प्रहरीद्वारा नष्ट

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २७ चैत

हुम्लाको सदरमुकाम सिमकोटमा खच्चडमा बोकाएर ल्यउँदै गरिएको ६० केजी ब्रोइलर कुखुराको मासु नष्ट गरिएको छ। जिल्लाको दक्षिण क्षेत्रमा पर्ने सर्केगाड गाउँपालिकाको सर्केगाड बजारबाट खच्चडमा ल्याउँदै गरिएको कुखुराको मासु सिमकोट बजारमा फेला पारेर नष्ट गरिएको हो । यसअघि मध्यान्ह राष्ट्रिय दैनिमा चेकजाँच बिना सिमकोट बजारमा कुखुराको मासु आयत भन्ने समचार प्रशारण भएको थियो । त्यसपछि जिल्ला प्रशासन कार्यलय, सिमकोट गाउँपालिका र जिल्ला प्रहरी कार्यलयले निगरानी बढाएको थियो। सोही क्रममा चेकजाँच बिना नै ल्याइएको मासु नष्ट गरिएको सिमकोट गाउँपालिका पशु





सेवा शाखाका नाप्रस विष्णु बुमीले बताए। उनका अनुसार करिब दुई दिन लगाएर ल्याउँदै गरेको कुखुराको मासु जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरीले नियन्त्रणमा लिइ जिल्ला प्रशासन कार्यलय र सिमकोट गाउँपालिकाको रोहोबरमा नष्ट गरिएको हो । उक्त मासु सिमकोटमा व्यवसाय गर्दै आएका लछुमण मल्लको रहेको छ । मल्लले हवाई यातायात नियामित सुचारु नभएकाले खच्चडबाट कुखुराको मासु ल्याउने गरेका हुन्। खच्चडमा ल्यायको मासु खान लायक नभएको र कुहिएको जस्तो देखिएको जिल्ला प्रशासन कार्यालय हुम्लाले जनाएको छ। यस्तो मासुले मानिसको स्वास्थ्यामा ठूलो असर पार्ने हुँदा मासु खाल्डोमा पुरेर नष्ट गरिएको हो। मल्लमात्र नभएर बजारमा फ्रेस हाउस सञ्चालन गर्दै आएका व्यापारीहरुले मासु खच्चडबाट ल्याउने हुँदा अब कडाइका साथ निगरानी गरिने सिमकोट गाउँपालिकाले जनाएको छ।


## यूएईमा रोजगारको अवसर

कम्पनी : HONEST HANDS CLEANING SERVICES
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०८/२६ चलानी नं.: ६०२११९५७ L.T. No.: 296264

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 3 | 10 | स. काममा दक्ष | 1000 | ३६,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ बैशाख ५ गते (17 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**VISION INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
Govt. Lic. No. 392/059/060
Satdobato,Near Olympic Building, Lalitpur, Kathmandu, Phone: 5201283
Fax: 5200523, P.O.Box: 8975, EPC 1858
Email: emp.vision12@gmail.com, Website:www.visioninte.com

## साउदीमा रोजगारको अवसर

कम्पनी : ELITE CAR RENTAL EST.
शहर: JEDDAH

पूर्व स्वीकृत मितिः २०८०/१२/२७ चलानी नं.: ६०२१८०९९ LT. No.:303266

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | vehicle cleaner | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८१ बैशाख ५ गते (17 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाचलमा सम्पर्क गर्नु होला

**Money Home Overseas Pvt. Ltd.**
Govt. Lic. No. 863/066/067
Tokha -10, Kathmandu, Nepal
Tel.: 4984683, 4985068, 4956752
Email: moneyhomeoverseas2009@gmail.com, info@moneyhomeoverseas.com.np | Website: www.moneyhomeoverseas.com.np

## मलेसियामा रोजगारको अवसर

कम्पनी : CHEONG SENG CHAN SDN.BHD
शहर : PULAU PINANG

पूर्व स्वीकृत मितिः २०७९/०३/१० चलानी नं.: ६०१८१७१२ LT. No.:264402 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८१ बैशाख ५ गते (17 April 2024) मा हुनेछ ।

